म.जि.प्र.का दर्ता नः
१०४/०६७/०६८

बागमती प्रदेशको राजधानी हेटौंडाबाट प्रकाशित लोकप्रिय 'क' वर्गको समाचारपत्र

# समृद्ध समाज

SAMRIDDHA SAMAJ NATIONAL DAILY राष्ट्रिय दैनिक

समृद्धि प्रकाशन प्रा. लि. हेटौंडा, मकवानपुर

म.जि.हु.का.द.नं.
३०/०६९/०७०

वर्ष:१७ अङ्क:- १३४ २०८२ चैत २३ गते सोमबार 6 April 2026, Monday - पृष्ठ ४ मूल्य रु. ५/-

## एसईई : गणितमा २०४ जना अनुपस्थित

हेटौंडा : बिहीबारदेखि सुरु भएको माध्यमिक शिक्षा परीक्षा (एसईई) मा तेस्रो दिन २०४ जना परीक्षार्थी अनुस्थित भएका छन् । आईतबार भएको अनिवार्य गणित विषयको परीक्षामा मकवानपुर जिल्लामा ६ हजार ६ सय २४ जना परीक्षार्थी उपस्थित हुँदा २ सय ४ जना अनुपस्थित भएका छन् ।

परीक्षामा नियमित परीक्षार्थीहरुमध्ये साधारणतर्फ ५ हजार २७२ जना उपस्थित र ७४ जना अनुपस्थित भएका छन् भने प्राविधिक धारतर्फ १७९ जना उपस्थित हुँदा ३ जना अनुपस्थित भएका छन् । यस्तै ग्रेडवृद्धितर्फ १ हजार १७३ जना उपस्थित हुँदा १२७ जना अनुपस्थिगत भएका छन् । मकवानपुरमा २८ वटा परीक्षा केन्द्रमा परीक्षा सञ्चालन भइरहेको छ । परीक्षा बिहान ८ बजेदेखि ११ बजेसम्म भइरहेको छ ।

### बागमती प्रदेश सरकार

# २ मन्त्रालयमा सचिवको जिम्मेवारी तोक्ने निर्णय

समाज संवाददाता

हेटौंडा : बागमती प्रदेश सरकारले प्रदेश मातहतका २ जना कर्मचारीलाई मन्त्रालयको सचिवको जिम्मेवारी तोकेको छ । प्रदेश सरकारको आइतबार बसेको मन्त्रिपरिषद् बैठकले ११ औं तह (सचिव) स्तरका एक र उपसचिव स्तरका एक कर्मचारीलाई मन्त्रालयको सचिवको जिम्मेवारी तोकेको हो ।



बैठकले रिक्त रहेको कृषि तथा पशुपन्छी विकास मन्त्रालयमा कृषि तालिम केन्द्रका निर्देशक सुधिर श्रेष्ठलाई सचिवको जिम्मेवारी तोक्ने निर्णय गरेको हो । उक्त मन्त्रालयमा कार्यरत बैकुण्ठ अधिकारीले पदबाट राजीनामा दिएपछि सो रिक्त पदमा प्रदेश मातहतका श्रेष्ठलाई बरिष्ठतम आधारमा मन्त्रालयको सचिवको जिम्मेवारी तोकेको हो । बैठकले प्रदेशको आर्थिक मामिला तथा योजना मन्त्रालयको सचिवमा नुमानन्द अधिकारीलाई निमित्त सचिवको जिम्मेवारी तोकेको हो । उपसचिव स्तर (९ औं तह) का अधिकारी सोही मन्त्रालयको प्रशासन महाशाखा प्रमुखको रुपमा कार्यरत थिए । बैठकले मन्त्रालयमा कार्यरत कर्मचारीलाई बरिष्ठतमका आधारमा निमित्त जिम्मेवारी तोक्ने निर्णय गरेसंगै अधिकारीलाई जिम्मेवारी दिइएको हो ।

बैठकले प्रधानमन्त्री बालेन्द्र शाहको नेतृत्वमा गठित संघीय सरकार र सरकारका मन्त्रीहरुलाई बधाई ज्ञापन गरेको छ भने फागुन २१ गते सम्पन्न प्रतिनिधि सभा निर्वाचनमा निर्वाचित भएका प्रतिनिधि सभा सदस्यहरुलाई बधाई तथा कार्यकालको सफलताको कामना व्यक्त गरेको छ । आम जनताको आशा, परिवर्तनको आकांक्षा, सुशासनयुक्त र भ्रष्टाचारमुक्त सेवा प्रवाह तथा विकास र समृद्धिको चाहनालाई व्यवहारमा रुपान्तरण गर्न लोकतान्त्रिक मूल्य-मान्यता, विधिको शासन, पारदर्शिता र जवाफदेहिताको कडाइका साथ कार्यान्वयन गर्न बैठकले आग्रह गरेको छ ।

समन्वय, सहकार्य र सहअस्तित्वको सिद्धान्तमा आधारित संघीय प्रणालीमा संविधान प्रदत्त तहगत सरकारहरुको भूमिकालाई सम्मान गर्दै संघीय सरकारले नेतृत्वदायी भूमिका खेल्नेमा बागमती प्रदेश सरकार विश्वस्त रहेको प्रदेश सरकारका प्रवक्ता एवम् आर्थिक मामिला तथा योजना मन्त्री प्रभात तामाङले जानकारी दिए । बैठकले फागुन २१ गतेको आम निर्वाचनमा सहभागी हुने आम मतदाता, सुरक्षाकर्मी र निर्वाचनको क्रममा खटिएका कर्मचारी तथा पत्रकार लगायतलाई धन्यवाद ज्ञापन गरेको छ । बैठकले कृषि तथा पशुपन्छी विकास मन्त्रालयमा कार्यरत ११औं तहको गौरीमान श्रेष्ठको अनिवार्य अवकाशको निर्णय पारित गरेको छ ।

बैठकले प्रदेश निजामती सेवा नियमावली २०८२ स्वीकृत गर्ने सम्बन्धमा प्रस्ताव पारित गर्ने निर्णय गरेको छ भने इन्जिनियर सेवामा कार्यरत राजु श्रेष्ठलाई ११औं तहमा बढुवा गरी भौतिक पूर्वाधार विकास मन्त्रालयमा पदस्थापन गर्ने निर्णय गरेको छ । यातायात पूर्वाधार निर्देशनालय हेटौंडामा कार्यरत नविन सिंहलाई भौतिक पूर्वाधार मन्त्रालयमा पदमिलान गर्ने निर्णय गरेको प्रवक्ता तामाङले बताए । उनका अनुसार बैठकले संघीय समपूरक र विशेष अनुदान तथा राष्ट्रिय योजना आयोगमा माग गरिएका आयोजना र कार्यक्रमहरुको अनुमोदन गर्ने निर्णय गरेको छ भने बागमती प्रदेश विज्ञापन नियमन गर्ने निर्देशिका २०८२ स्वीकृत गरेको छ ।

बैठकले २०८३ सालको सार्वजनिक बिदा घोषणा गर्ने निर्णय भएको छ । जसअनुसार प्रदेश सरकारको तर्फबाट ६ वटा विदा थप हुने छन् । बैठकले मुख्यमन्त्री जनता स्वास्थ्य कार्यक्रम (परीक्षण, निदान, परामर्श र उपचार) व्यवस्थापन पहिलो संशोधन कार्यविधि २०८२ स्वीकृत गरेको छ भने दुर्गम क्षेत्र विशेषज्ञ चिकित्सक प्रोत्साहन तथा विस्तारित अस्पताल सेवा सञ्चालन सम्बन्धी पहिलो संशोधन कार्यविधि २०८२ स्वीकृत गरेको छ । बागमती प्रदेश विश्वविद्यालय' पहिलो संशोधन २०८२ स्वीकृत गर्ने बैठकले निर्णैय गरेको छ भने बागमती प्रदेश जग्गा विकासका लागि विधेयक तर्जुमा गर्न सैद्धान्तिक स्वीकृत प्रदान गर्ने, बहुवर्षीय ठेक्का मापदण्ड २०८२ लाई संशोधन गर्ने निर्णय गरेको छ । बैठकले वैदेशिक भ्रमण मनोनयन तथा स्वीकृति गर्ने निर्णय गरेको छ ।

### चितवनको कुरिटारमा बालश्रम अनुगमन

# ३ बालबालिकाका उद्दार

समाज संवाददाता

हेटौंडा : श्रम तथा रोजगार कार्यालय हेटौंडा, इलाका प्रहरी कार्यालय मुग्लिङ, बालहेल्पलाइन १०९८ हेटौंडा, तथा इच्छाकामना गाउँपालिकाको संयुक्त टोलीले चितवन जिल्लाको कुरिनटार क्षेत्रका बजारमा बालश्रमको अवस्थाको बारेमा अनुगमन, निरिक्षण भएको छ । श्रम तथा रोजगार कार्यालयमा होटलमा बालश्रम गरिरहेको भन्ने सूचना प्राप्त भएपछि इच्छाकामना गाउँपालिकाका-४ स्थित बन्दिपुर गुरुङ् होटल एण्ड गेष्ट हाउस, एस.एण्ड.पी. होटल, इच्छाकामना होटल एण्ड राना लज, रिजन होटल एण्ड गेष्ट हाउस, लामो झरना होटल जलबिरे लगायतका होटलहरु गरि २ जना बालक र १ जना बालिका सहित ३ जना बालश्रम गरिरहेको अवस्थामा अनुगमन टोलीले उद्दार गरेको हो ।



टोलीले बन्दिपुर गुरुङ् होटल एण्ड गेष्ट हाउसवाट धादिङ जिल्लाका वर्ष १२ का बालक, एस.एण्ड. पी. होटलवाट धादिङ जिल्लाकै वर्ष ११ का बालक र इच्छाकामना होटल एण्ड राना लजबाट चितवन घर भएकी वर्ष १४ को बालिकालाई उद्दार गरी बालहेल्पलाइन १०९८ हेटौंडामा ल्याइएको बालहेल्पलाइनका प्रवन्धक झविन्द्र ज्ञवालीले जानकारी दिए । कुरिनटार केवुलकार एरियामा पर्यटकहरुको बाक्लो आवतजावत हुने हुनाले यस क्षेत्रमा साना ठुला होटलहरु रहेको र केहि होटलहरुमा अझै पनि बालश्रम हुनसक्ने अनुगमनका क्रममा बालश्रम भएका होटल व्यवसायीहरुले बताएका छन् ।

बालश्रम अनुगमन तथा उद्दार कार्य निकै प्रशंसनीय भएको सो कार्यमा आफूहरुको सहयोग र साथ रहने साथै यस कार्यमा गाउँपालिकाको सहजीकरणको अपेक्षा रहेको चितवन होटल एसोशिएसन इच्छाकामना एकाइका अध्यक्ष पुजन भण्डारी, उपाध्याक्ष पुरुषोत्तम पोखरेल लगायत टिमको रहेको बताउनु भयो । करिव २ महिना अगाडि मुग्लिङ बजारमा बालश्रम अनुगमन पश्चात २ वटा होटलबाट ६ जना बालबालिकाहरुको उद्दार गरिएको सो मध्ये एक होटल संचालकलाई कारवाहि भएको र अर्को होटलको संचालकको कानुनी कारवाहिका लागि प्रक्रयामा रहेको साथै अहिले उद्दार गरिएका बालबालिकाहरुको सन्दर्भमा पनि कानुनी कारवाही अगाडि बढाइने श्रम तथा रोजगार कार्यालयका प्रतिनिधि शर्मिला राईले बताउनु भयो ।

अनुगमन तथा उद्दार टोलीमा बालहेल्पलाइन १०९८ का प्रवन्धक एवं प्रदेश बालअधिकार समितिका सदस्य झबिन्द्र ज्ञवाली, श्रम तथा रोजगार कार्यालयका प्रतिनिधि अनित रसाइली र शर्मिला राई, इच्छाकामना गाउँपालिकाकाको प्रतिनिधि नरेन्द्र गुरुङ, बालअधिकारकर्मी राज गोविन्द शिल्पकार र इलाका प्रहरी कार्यालयका प्रहरीहरुको सहभागि रहेको थियो ।

# सभामुखमा डोलप्रसाद अर्याल निर्वाचित



*सभापति रवि लामिछानेले अंकमाल गरेर बधाई दिनुहुँदै ।*

समाज संवाददाता

हेटौंडा : प्रतिनिधिसभाको सभामुख पदमा डोलप्रसाद अर्याल सर्वसम्मत निर्वाचित हुनुभएको छ । आइतबार बसेको प्रतिनिधिसभाको बैठकमा नवगठित प्रतिनिधिसभाका ज्येष्ठ सदस्यको रुपमा सभामुखको जिम्मेवारी सम्हालिरहनुभएका अर्जुन नरसिंह केसीले डोलप्रसाद अर्याल सर्वसम्मत सभामुख निर्वाचित हुनुभएको घोषणा गर्नुभएको हो ।

निर्वाचित हुनुभए लगत्तै सभामुख डोलप्रसाद अर्याललाई राष्ट्रपति रामचन्द्र पौडेलले सपथ गराउनुभएको छ । सपथ ग्रहण समारोहमा उपराष्ट्रपति रामसहाय प्रसाद यादव, प्रधानमन्त्री बालेन्द्र शाह, राष्ट्रिय सभाका अध्यक्ष, प्रधानन्यायाधीशको पनि उपस्थिति रहेको थियो । अर्याललाई सभामुख बनाउन प्रतिनिधिसभा सदस्य स्वर्णिम वाग्लेले प्रस्ताव गर्नुभएको थियो भने वाग्लेको प्रस्तावमा प्रतिनिधिसभा सदस्य शोभिता गौतमले समर्थन गर्नुभएको थियो । पूर्वमन्त्री समेत रहनुभएका अर्याल राष्ट्रिय स्वतन्त्र पार्टीको उपसभापति हुनुहुन्थ्यो । अर्याल काठमाडौं क्षेत्र नम्बर ९ बाट प्रतिनिधिसभा सदस्य निर्वाचित हुनुभएको हो ।

सभामुख पदमा अर्याल निर्वाचित हुनुभएको घोषणा लगत्तै केसीले प्रतिनिधिसभाको अगामी बैठक चैत २३ गते सोमबार (भोलि) दिनको १ बजे बस्ने गरी आइतबारको बैठक स्थगित गर्नुभएको छ ।

# बागमती प्रदेशसभा बैठक २४ गते बोलाउन सिफारिस

समाज संवाददाता

हेटौंडा : बागमती प्रदेशसभाको हिउँदे अधिवेशन चैत २४ गतेका लागि आह्वान गर्न सिफारिस गरिएको छ । प्रदेश सरकारको आइतबार बसेको मन्त्रिपरिषद् बैठकले प्रदेशसभाको हिउँदे अधिवेशन २४ गते आव्हान गर्न प्रदेश प्रमुख समक्ष सिफारिस गर्ने निर्णय गरेको हो ।

सरकारका प्रवक्ता एवम् आर्थिक मामिला तथा योजना मन्त्री प्रभात तामाङका अनुसार प्रदेश सभाको हिउँदे अधिवेशन चैत २४ गते मंगलबार दिउँसो ४ बजे बस्ने गरी आह्वान गर्न सिफारिस गर्ने निर्णय गरिएको हो । मन्त्रिपरिषद्को निर्णय अनुसार प्रदेश प्रमुख दीपक प्रसाद देवकोटाले संसदको हिउँदे अधिवेशन आह्वान गर्नेछन् । पछिल्लो पटक गत साउन २७ मा बसेको बैठक हालसम्म बस्न सकेको छैन ।

भदौ २३/२४ गतेको जेनजी आन्दोलनको क्रममा प्रदेशसभा सचिवालय, प्रदेशसभा हल सहितका संरचना जलेपछि प्रदेश सभा बैठक बस्न नसकेको हो । प्रदेशसभा बैठक बस्न नसकेपछि मंसिर ३ मा प्रदेशसभाको चालु वर्षे अधिवेशन अन्त्य गर्ने निर्णय गरिएको थियो । प्रवक्ता तामाङका अनुसार हाल अस्थायी रुपमा सभा संचालनका लागि हेटौंडा उपमहानगरपालिका पछाडिको मुख्यमन्त्री सभाहललाई मर्मत गरेर तयार गरिएको छ । ३१ हेक्टर जग्गामा प्रदेशको सबै संरचना त्यहाँ बनाउने गुरुयोजनाका साथ प्रदेश सरकार अगाडि बढेको उनले बताए ।

'प्रदेश सभाको बैठक र प्रदेश सभाको भवन हामीले अस्थायी रुपमा तयार गरेका छौँ । अहिले यो उपमहानगरपालिकाको हलमा बैठक चलाउने तयारी गरेका छौं', उनले भने, 'यो सँगै प्रदेश सभाको स्थायी भवन बनाउने प्रक्रिया पनि अघि बढाउने योजना बनाएका छौं । बागमती प्रदेश सरकारलाई संरचना निर्माण गर्न हेटौंडा-१७ मा ३१ हेक्टर जग्गा संघीय सरकारबाट प्राप्त भइसकेको छ । प्रदेश सभा भवन लगायतका प्रदेशका मन्त्रालयको भवनहरुको विषयमा यसै वर्षमा ठेक्का लाग्छ ।'

व्यवसाय संवर्द्धन कार्यक्रम
(Business Incubation Program) मा
सहभागी हुनका लागि प्रस्ताव आव्हानको सूचना

प्रथम पटक प्रकाशित मिति: २०८२/१२/१६

व्यवसाय संवर्धन सेवा सञ्चालन तथा व्यवस्थापन कार्यविधि, २०८२ बमोजिम यस कार्यालयबाट सञ्चालन गरिने व्यवसाय संवर्धन कार्यक्रममा सहभागी हुन इच्छुक नवउद्यमीले यो सूचना प्रकाशित भएको मितिले पन्ध्र दिनभित्र व्यवसाय संवर्धन सेवा सञ्चालन तथा व्यवस्थापन कार्यविधि, २०८२ को अनुसूची-७ मा उल्लिखित ढाँचामा यस माहाविद्यालयमा आवेदन पेश गर्नका लागि यो सूचना प्रकाशित गरिएको छ।

आवेदनका साथ संलग्न गर्नुपर्ने कागजात तथा विवरण:

(क) नेपाली नागरिकताको प्रमाणपत्र
(ख) आफूले गर्न चाहेको उद्यमको नवीनतम सोच सहितको विस्तृत विवरण (कार्ययोजना सहितको स्किम/व्यावसायिक योजना)
(ग) दफा १६ मा उल्लिखित आचरण पालना गर्ने स्वघोषणा
(घ) स्थायी लेखा नम्बर प्रमाणपत्रको प्रतिलिपि
(ङ) संस्था दर्ताको प्रमाणपत्र (यदि संस्था वा कम्पनी दर्ता भएमा)

नोट: प्रस्ताव महाविद्यालयको ईमेल: ihub@hsmonline.edu.np मा पठाउन सकिनेछ । प्रस्तावको ढाँचा तथा विस्तृत जानकारी महाविद्यालयको वेबसाइट: https://hsm.edu.np मा राखिएको छ । भौतिक रुपमा प्रस्ताव पेश गर्न चाहनेले माहाविद्यालयको iHub विभाग, हेटौंडामा दर्ता गराउन सकिनेछ । म्यादभित्र दर्ता हुन नआएका आवेदनहरूलाई मूल्याङ्कनमा समावेश गरिने छैन ।

दर्ता गर्न QR कोड स्क्यान गर्नुहोस् वा iHub मा सम्पर्क गर्नुहोस्

आवेदन दिने अन्तिम मिति: २०८२/१२/३०
फर्म लिंक: https://tinyurl.com/hsmss-ihub
सम्पर्क नं: ९८६५३८४९६२
इमेल: ihub@hsmonline.edu.np

Hetauda School of Management and Social Sciences

TRANSFORMING CHALLENGES INTO OPPORTUNITIES

( विश्वविद्यालय अनुदान आयोग (UGC) बाट गुणस्तर प्रत्यायनकृत - २०८०)

## सम्पादकीय

# प्राज्ञिक कि प्रायोजित ?

विश्वविद्यालयहरु प्राज्ञिक थलो हो कि प्रायोजित ? विश्वस्तरको ज्ञानमार्फत मानवीय व्यवहार र आचरणमा सकारात्मक परिवर्तन ल्याउनुपर्ने विश्वविद्यालयमा प्रायोजित एवम् घृणित कार्य हुनु कसैका लागि पनि लाभदायक हुनेछैन । मकवानपुरको गहनाको रुपमा रहेको हेटौंडा-१० स्थित वनविज्ञान क्याम्पसमा डेढ दशकदेखि आपसी किचलो जारी छ । तत्कालिन सरकारले २०६७ सालमा त्रिभूवन विश्वविद्यालयको हेटौंडास्थित वनविज्ञान अध्ययन संस्थान र चितवनस्थित रामपुर क्याम्पसलाई प्राविधिक एवम् विशिष्ट विश्वविद्यालयको रुपमा कृषि तथा वन विज्ञान विश्वविद्यालय बनाउने निर्णय गरेको थियो । तर, जनप्रतिनिधिमूलक संसदले थालेको प्रयास पनि प्राज्ञिक भनिएका विश्वविद्यालयका अधिकारीले डेढ दशकदेखि निरन्तर विवादमा राखिरहनु आश्चर्यको विषय समेत हो ।

पछिल्लो पटक गत शुक्रबार कृषि तथा वन विज्ञान विश्वविद्यालयअन्तर्गत वन संकायले आफ्नो क्षेत्रमा छात्रावास, कर्मचारी/प्राध्यापक आवास तथा अडिटोरियम हलतर्फ जान उपयुक्त हुने गरी बनाइएको गेट नै डोजर लगाएर भत्काइएको छ । केही दिन अघि मात्रै निर्माण सम्पन्न भएको गेट वन विज्ञान अध्ययन संस्थानअन्तर्गत त्रिभूवन विश्वविद्यालयका अधिकारीले आफ्नै उपस्थितिमा कृषि तथा वन विज्ञान विश्वविद्यालयको गेट भत्काइदिएको छ । क्याम्पस परिसरलाई सुरक्षित राख्न आवश्यक पहल गर्नुपर्ने क्याम्पस प्रशासनहरु उल्टै तोडफोडमा उत्रनु शोभनीय विषय होइन । प्राज्ञिक क्षेत्रका अधिकारीको यस किसिमको हर्कत निन्दनीय छ ।

प्रतिनिधि सभाले गरेको निर्णयको विरुद्ध त्रिभुवन विश्वविद्यालय र कृषि तथा वन विज्ञान विश्वविद्यालयबीच भइरहेको विवाद प्राज्ञिक क्षेत्रमा हुनै नहुने देखिन्छ भने अर्कोतर्फ कतै यो राजनीतिक स्वार्थप्रेरित भई प्रायोजित विवाद त होइन भन्ने पनि लाग्दछ । विश्वविद्यालय तहको शिक्षाको गुणस्तर, विद्यार्थीको सहजता, भविष्यको नेपाली समाजलाई सशक्त बनाउने जनशक्ति उत्पादन गर्नुपर्ने थलोमा लामो समयदेखि विवाद भइरहनु उचित हुन्न । अझ गत शुक्रबारको घटना अझ बढी चिन्ताको विषय हो । राज्यको एउटा निकायले अर्को नियायको अस्तित्व स्वीकार गर्दै, आवेशमा आएर तोडफोडमै उत्रनु भनेको निन्दीय र कानूनबमोजिम कारवाहीको भागिदार समेत हुनुपर्छ ।

तर, प्रमुख जिल्ला अधिकारीले क्याम्पस प्रमुखको इज्जत गर्दै कानून उल्लंघन हुँदा पनि कारवाही भने गर्नु भएन । शुक्रबारको विषयलाई कानून बमोजिम कारवाही गर्नुपर्ने निकायले क्याम्पस प्रमुख भएकै कारण छुट दिइएको भन्ने अभिव्यक्ति पनि उत्तिकै खेदजनक छ । कानून बमोजिम गर्नुपर्ने काम क्याम्पस प्रमुख हुँदा एकथरि र विद्यार्थी हुँदा अर्कोथरि गर्न त भएन नि । प्राज्ञिक क्षेत्रले देखाएको मुर्खतालाई यसरी नजरअन्दाज गर्नुको साटो कानून बमोजिम गम्भीर कारवाही गरिनु पर्दथ्यो । समुदायमा अनुशासित, ज्ञानी र असल चरित्र प्रस्तुत गर्नुपर्ने क्याम्पस प्रशासनले राज्यकै सम्पत्ति नष्ट हुने गरी कानून आफ्नो हातमा लिने प्रयास गर्नु अझ बढी दण्डनीय हुनु जरुरी छ ।

## महत्वपूर्ण फोन नम्बरहरु

| | |
|---|---|
| जिल्ला प्रशासन कार्यालय ५२०४९५ | वारुण यन्त्र १०१ |
| जिल्ला प्रहरी कन्ट्रोल १०० | बालबालिका खोजतलास केन्द्र १०४ |
| ट्राफिक प्रहरी १०३ | बाल हेल्पलाइन १०९८ |
| वडा प्रहरी ५२०२९९ | हेलो सरकार ११११ |
| पशुपतिनगर इलाका ५२०५९८ | नेपाल टेलिकम सोधपुछ १९७ |
| मनहरी इलाका ९८५५०९०१६१ | एम्बुलेन्स १०२ |
| भीमफेदी इलाका ६९१४६२ | नेपाल विद्युत प्राधिकरण गुनासो ११५० |
| पालुङ इलाका ६२०४६७ | |
| फापरबारी इलाका ६२१९८० | |
| चित्लाङ इलाका ६२१००० | |

## तपाईको राशिफल



पं. ज्योतिषः तोयानाथ सुवेदी
ॐ तुलसी मेडिकल हल, हेटौंडा-८, कमाने
सम्पर्क : ९७४५०२८५५५

**मेष** : निर्णयात्मक क्षमतामा कमजोर रहने छ ।
**वृष** : बिगतको कामको रकम हातपर्ने समय छ ।
**मिथुन** : निर्णय क्षमतामा वृद्धि हुने समय छ ।
**कर्कट** : मनमा भारी र शरीरमा अल्छीपन बढ्ला ।
**सिंह** : परम्पराप्रति जिम्मेवार बनिने समय छ ।
**कन्या** : सामाजिक काममा मन जाने योग देखिन्छ ।
**तुला** : परोपकारी र सामाजिक गतिविधिमा मन जाला ।
**वृश्चिक** : शारीरिक र मानसिक तनाव बढ्न सक्छ ।
**धनु** : घुमघाम र भेटघाटमा समय व्यतित होला ।
**मकर** : प्रशासनिक काममा सफलता प्राप्त होला ।
**कुम्भ** : स्वास्थ्यप्रति बेवास्ता नगर्दा राम्रो रहने छ ।
**मीन** : निर्णयात्मक काममा ध्यान केन्द्रित नहोला ।

# राजनीतिको परिवर्तित भाष्य



✍ विद्या भट्टराई

राजनीति नीति, नेतृत्व, अवसर, पहुँच, दलहरू बीचको प्रतिस्पर्धा र राज्यको संरचनागत सम्बन्धको समुच्च रूप हो । हामीकहाँ लामो समयसम्म राजनीतिलाई बुझ्ने मुख्य भाष्य दलको प्रभाव र दलीय संगठनहरूको निर्माणमा रह्यो । राज्य, सरकार र दलहरू बीचको भिन्नतालाई परिभाषित गर्न नसकेका कारण राजनीतिक प्रणालीले नयाँ पुस्तालाई राज्य प्रणालीमा समावेश गर्न अक्षम भएको महसुस भयो ।

यसैको फलस्वरुप, राजनीतिको मूलधारमा रहेका पुराना दलहरूमा सीमित नेताहरूको शासकीय प्रणालीबाट शासित हुनुपर्ने अवस्था सिर्जना गऱ्यो ।

संविधान निर्माणपछि शासकीय स्वरुप, संविधानको सर्वोच्चता र नागरिकले प्राप्त गरेको मौलिक हकको कार्यान्वयनका लागि राज्य सक्षम बन्नुपर्ने अनिवार्य शर्त थियो । यो शर्तलाई राजनीतिक शक्ति सन्तुलन र पारस्परिक भूराजनीतिक सम्बन्धका आधारमा सञ्चालन गर्नुपर्ने जिम्मेवारी राज्यको नेतृत्व तहमा थियो। त्यति मात्र थिएन केन्द्रीकृत शासनव्यवस्था र वंशीय राजनीतिको अन्त्यपछि निर्माण गरिएको संघीय लोकतान्त्रिक गणतन्त्रप्रति अधिकतम अपेक्षा नागरिकमा थियो ।

राजनीति केवल राज्यका प्रशासन बीचको मात्र सम्बन्ध होइन। लोकतन्त्रमा राजनीतिको मुख्य स्रोत नागरिक हुने गर्दछन् । नागरिकको जीवन सञ्चालनमा राज्यले गर्ने सहजीकरणले मात्र राज्य र नागरिक बीचको अन्तरसम्बन्ध कायम गर्दछ । यही अन्तरसम्बन्धका आधारमा राज्य निर्माणको बृहत् स्वरुप निर्माण हुन्छ । लोकतान्त्रिक प्रणाली राज्य व्यवस्थाको एकीकृत रूप हो तर नागरिक कर्तव्यबोधका लागि नागरिक समाज र सामाजिक धारहरूको बीचमा अन्तरसम्बन्ध निर्माण गर्नु पनि राजनीतिको अर्को महत्वपूर्ण पक्ष हो ।

### नागरिकको सोंचमा परिवर्तन

आम नागरिकको राजनीतिक चेतमा आउने परिवर्तन नै राजनीतिको 'पाराडाइम सिफ्ट' बन्न पुग्दछ । सिद्धान्त, वाद, विचार र अवधारणा राजनीति हो भन्ने मान्यताबाट दृष्टिकोण हो भन्ने मान्यतामा नागरिक सोच परिवर्तित भएको छ । समाजमा घट्ने विविध घटनालाई हेर्ने दृष्टिकोण र नागरिकहरूको सुरक्षाका सवालमा गरिने निर्णयहरूले राजनीतिक दल र सिंगो राज्य प्रणाली प्रतिको नागरिक विश्वास पैदा गर्ने गर्दछ।

समाज विज्ञानको फराकिलो ज्ञान, प्रविधिको विकास, सूचनाको पहुँच र सामाजिक सञ्जालले निर्माण गरेको अवधारणाले नागरिकको सोच्ने क्षमतामा भिन्नता मात्र होइन आम रुपमा परिवर्तन आएको छ। क्रान्ति, आन्दोलन, परिवर्तन र छलाङ जस्ता शब्दहरु हिजो राजनीतिका मुख्य शब्दावली बन्ने गर्दथे भने आज यी सबै शब्दहरू सिफ्ट भन्ने एउटा शब्दमा रूपान्तरित भएको छ ।

रूपान्तरण र पुस्तान्तरण लोकतन्त्रको आधारभूत पक्ष हो । यो मान्यता दलहरूभित्र अनुसरण हुनुपर्दछ भन्ने सवाल आम नागरिकको आवाज बनेको थियो । यो सवाल आजको पुस्ताले मात्र होइन सबै उमेर समूहका नागरिकहरूले विगतको राजनीतिसँग आश गरेको महत्वपूर्ण पक्ष हो। यो प्रक्रिया दलहरूका संगठन प्रणालीभित्र अनुसरण हुन नसक्दा केवल नारामा सीमित बन्न पुग्यो र यसले आम रूपमा नागरिकमा नैराश्यता सिर्जना गर्न पुग्यो ।

राजनीतिले समाजको रूपान्तरण गर्न सक्दछ भन्ने स्थापित सत्यता आम नागरिकमा कायम छ । यो सत्यतालाई राजनीतिक दलहरूको सांगठनिक जीवनमा प्रमाणित गर्न नसक्दा समाजले निर्माण गरेका विविध आयाम र नयाँ चुनौतीको सामना गर्ने सामर्थ्य कमजोर हुँदै गएको महसुस आम नागरिकमा भयो । यही सामाजिक मान्यताका कारण हिजोका प्रमुख धारमा रहेका राजनीतिक शक्तिहरुको प्रभाव कमजोर बन्न पुग्यो।

लोकतान्त्रिक प्रणालीमा प्रश्न गर्नु नागरिकको हक हो। प्रश्नहरुलाई विरोधको स्वरका रुपमा व्याख्या गर्ने शासकीय सोचका कारण राजनीतिक शक्ति र नागरिकको बीचमा संवादहीनता निर्माण गर्ने गर्दछ। राजनीतिलाई एकांकी सोचको आधारमा मात्र बुझ्ने र व्याख्या गर्ने प्रवृत्तिमा आम नागरिकले परिवर्तन खोजेका छन् ।

### मुद्दाहरूको प्राथमिकीकरण

हाम्रो राज्यव्यवस्था परिवर्तनमा आन्दोलन नै मुख्य प्रक्रिया बन्ने गरेको छ । हरेक आन्दोलनलाई उपलब्धिपूर्ण बनाउन राजनीतिक दलहरूको भूमिका अग्रणी रहेको छ। आन्दोलनबाट प्राप्त उपलब्धिको संरक्षण गर्दै समयमा नै आन्दोलनले पहिचान गरेको विभेद र द्वन्द्वको व्यवस्थापन गर्नुपर्ने भूमिकाबाट भने हिजो जिम्मेवारीमा रहेका प्रमुख दलहरू चुकेका छन् ।

हरेक राजनीतिक र सामाजिक आन्दोलन निश्चित मुद्दा, संरचनागत प्रवृत्ति र नागरिकको जीवन व्यवहारमा देखिएका समस्याबाट निर्माण हुने गर्दछन् । आन्दोलनबाट सिर्जित परिवर्तनका एजेन्डाहरुलाई राज्यव्यवस्थाले प्राथमिकताका साथ निश्चित समयसीमाभित्र सम्बोधन गर्न नसक्दा राज्य र समाज बीच थप असन्तुष्टि उत्पन्न हुने गरेको छ। २००७ सालदेखि २०६२/६३ सम्मको आन्दोलनलाई विश्लेषण गर्दा यी आन्दोलनहरू मूल रूपमा राज्यव्यवस्था परिवर्तनमा केन्द्रित थिए । संविधान निर्माणलाई पछिल्लो आन्दोलनले प्राथमिकता दियो र आन्दोलनका मर्म र मुद्दाहरुलाई संविधानमार्फत सम्बोधन गर्ने प्रयास भयो ।

बलियो र सार्वभौम सरकार मार्फत नागरिकका मौलिक हकको कार्यान्वयन गर्ने म्यान्डेट सरकारले प्राप्त गरे पनि नेतृत्वकर्ता दलहरूभित्र नेतृत्व बीच हुने शक्ति संघर्षका कारण नागरिकका मुद्दाहरूको प्राथमिकीकरण हुन सकेन । नागरिकको प्राथमिकता र दलहरूको कार्यशैलीमा देखिएको भिन्नताले अन्ततः नागरिकहरू दलीय स्वरुपसँगै आक्रोशित बन्ने स्थिति तयार भयो ।

भौतिक विकासलाई विकासको मुख्य आयाम मान्दा सामाजिक र मानवीय विकासका पक्षहरू राज्यको मूलधारबाट बाहिरिएर शीर्षकमा मात्र सीमित बन्न पुगे। आप्रवासनलाई भूमण्डलीकरणको प्रभाव र सामाजिक प्रक्रियाको रूपमा बुझ्ने मात्र होइन, राज्यका नेतृत्व तह-तप्का नै यो प्रक्रियामा सहभागी हुने अभ्यासले राष्ट्रिय भावलाई कमजोर बनाउन भूमिका खेल्यो । श्रम तथा शिक्षाका लागि हुने मानव र पूँजी पलायनले राज्य निर्माणको अभियानलाई सार्थक बनाउन सकेन ।

साथै, कोभिड १९ को महामारीपछि मुख्य शहरहरूमा बसोबास गरिरहेका, व्यक्तिगत सम्पत्तिको अभाव नभएका, आफ्नो व्यवसायमा क्रियाशील र हैसियत प्राप्त व्यक्तिहरूको सिंगो परिवार विदेश पलायन हुने क्रम व्यापक हुँदा आम निराशा पैदा गऱ्यो ।

आम नागरिकमा उत्पन्न निराशाको सम्बोधनका लागि नीतिहरूको प्राथमिकीकरण गर्न नसक्नु मात्र प्रमुख कारण बनेन, नीतिहरूको कार्यान्वयनका लागि नेतृत्व प्रदान गर्न समेत तत्कालीन नेतृत्व अक्षम छ भन्ने भाष्य नागरिक तहमा निर्माण भयो। त्यसैले अबको राजनीतिले युवा पुस्ताको नेतृत्वमा भएको आन्दोलन र यस आन्दोलनले उठाएका मुद्दाहरूलाई आगामी र ाजनीतिको रोडम्याप बनाउनु अनिवार्य छ ।

### राजनीतिक संस्कृतिमा जोड

हाम्रो राजनीतिक अभ्यासमा सांस्कृतिक पक्षका वारेमा व्यापक चर्चा र सार्वजनिक बहस शुरु भएको छ । जनप्रतिनिधिहरूले संविधानको मार्गदर्शन र कानूनको परिपालना कति गर्ने गर्दछन् भन्ने आधारमा नागरिकहरूले राजनीतिक दलहरूको मूल्यांकन गर्ने क्रम शुरु भएको छ। राजनीतिक संस्कृतिले राजनीतिक दल, नेता र सम्पूर्ण जनप्रतिनिधिहरूको आचरण, व्यवहार र नियतलाई जनसमक्ष प्रस्तुत गर्दछ र यसैका आधारमा नागरिकहरूको राजनीतिप्रतिको दृष्टिकोण र मान्यता निर्माण हुन्छ ।

राजनीतिक संस्कृतिको विकासका मुख्य स्रोत राजनीतिक दलहरू हुन् भने कर्ताका रूपमा दलका नेता, कार्यकर्ता र जनप्रतिनिधिहरू हुने गर्दछन् । राजनीतिक संस्कृति हरेक राजनीतिक कर्मीहरूको मानसिकता र व्यवहारमा देखिनुपर्दछ, जसले राजनीतिप्रति आम नागरिकको सकारात्मक झुकाव निर्माण गर्न सहज हुन्छ। राजनीतिमा कुनै लाञ्छना र आरोप लाग्यो भने तुरुन्तै सत्यतथ्य पुष्टि गरी शंका निवारण गर्ने संस्कारको अभावका कारण राजनीतिलाई अपारदर्शी खेलको रूपमा बुझ्ने र व्याख्या गर्ने प्रचलन हावी छ ।

लोकतान्त्रिक व्यवस्थाको सुदृढीकरणका लागि राजनीतिक संस्कृतिको परिभाषा मात्र पर्याप्त हुँदैन । राजनीतिक नेता र कार्यकर्ताहरुको जीवन व्यवहारबाट उन्नत संस्कृति निर्माण गर्न सक्दा राजनीतिप्रतिको आम जनविश्वास कायम रहन्छ। नेपालको संविधानले समानुपातिक समावेशितालाई राजनीतिक संस्कृतिको रुपमा व्याख्या गरेको छ।

हामीले राजनीतिक अभ्यासलाई हेऱ्यौं भने संकुचित र पराश्रित संस्कृति अवलम्बन भइरहेको देखेका छौं । असल राजनीति त्यतिवेला मात्र निर्माण हुन्छ जतिबेला राजनीतिक सन्तुलनका आधारमा तयार भएका दस्तावेजहरूमा लिखित मान्यताहरू राजनीतिक जीवन प्रणालीमा व्यावहारिक प्रयोग हुन्छ ।

सुशासन सहितको जनपक्षीय सरकार र राज्यका संयन्त्रहरूको प्रणालीगत परिचालन नै आजको राजनीतिक संस्कृतिको मूल मर्म हो । बहुलता र विविधता सहितको समाज व्यवस्थालाई नेतृत्व गर्ने राज्यप्रणालीको परिकल्पनालाई व्यवहारमा प्रदर्शित गर्नुपर्ने अनिवार्य दायित्व सहितको राजनीतिक संस्कृति आजको अपरिहार्य विषय हो ।

### निष्कर्ष

लामो समयसम्म एकै धारबाट अगाडि बढिरहेको राजनीतिमा नयाँ पुस्ताको अर्थपूर्ण सहभागिता हुनु राजनीतिभित्रको नेतृत्व निर्माणमा आएको परिवर्तित रूप हो । राज्यको महत्वपूर्ण अंग व्यवस्थापिकामा देखापरेको यो संख्यात्मक आकारले राजनीतिभित्रको पुस्तान्तरणको बहसलाई केही सार्थक बनाउन भूमिका खेलेको छ ।

पुस्तान्तरणसँगै सहकार्य र समन्वयको संस्कृति निर्माण गर्न सक्दा मात्रै राज्य प्रणालीले स्थायित्व प्राप्त गर्न सक्दछ । अव्यावहारिक र उल्झन दिने कानूनहरूको खारेजीका साथै तजबिजी अधिकारको प्रयोग गर्ने गरी बनाइएका दफा र उपदफाहरूको संशोधन समयमा गर्न सक्दा मात्र नागरिकमैत्री राजनीति र राज्यप्रणालीको निर्माण गर्न सकिन्छ ।

*(स्रोतः अनलाईनखबर)*

# यी १० उपाय अपनाएर बचाउन सकिन्छ ५० प्रतिशतसम्म ग्यास

ग्यासको बढ्दो मूल्य र मागले हरेकलाई समस्या पारिरहेको छ । तर, केही बुद्धिमानीपूर्ण तरिकाले ग्यासलाई दोब्बर समयसम्म चल्ने गरि बचत गर्न सकिन्छ । ग्यास बचाउने केही वैज्ञानिक र प्रभावकारी तरिकाहरू छन्, जसबाट इन्धनको खपत लगभग ५० प्रतिशतसम्म घटाउन सकिन्छ ।

धेरैजसो मानिसहरू अनजानमा नै गलत बर्नर प्रयोग गरेर वा खुला भाँडामा खाना पकाएर ठूलो मात्रामा ग्यास खेर फाल्छन् । प्रेसर कुकरको सही प्रयोग, दालहरूलाई भिजाउने, बर्नर नियमित सफा गर्ने जस्ता साना-साना परिवर्तनले ग्यास मात्र पैसा बचाउँदैन, खाना पकाउने समय पनि धेरै घटाउँछ ।

**यी १० टिप्सले भान्सालाई स्मार्ट र किफायती बनाउन मद्दत गर्छन् ।**

### १. प्रेसर कुकरको बढी प्रयोग गर्ने

खाना पकाउन प्रेसर कुकर सबैभन्दा राम्रो विकल्प हो । दाल र कडा तरकारीहरू खुला भाँडामा पकाउँदा ग्यास धेरै खर्च हुन्छ । कुकर भित्रको दबाबले खानालाई छोटो समयमै पकाउँछ। सही तरिकाले कुकर प्रयोग गर्दा खाना ४० प्रतिशतदेखि ७० प्रतिशतसम्म छिटो पक्छ। यसले ग्यास मात्र बचाउँदैन, भान्सामा बिताउने समय पनि निकै घटाउँछ ।

### २. अनाजलाई पहिले नै भिजाउने

पकाउनुअघि दाल, राजमा, चना र चामललाई पानीमा भिजाउनु ग्यास बचाउने सबैभन्दा सजिलो तरिका हो। भिजाएपछि दानाहरू नरम हुन्छन् र त्यसमा तापक्रम दिएपछि छिटो पाक्न सुरु हुन्छ। उदाहरणका लागि, राजमालाई रातभरि भिजाएमा यो धेरै कम समयमा पाक्छ। भिजाएका अनाज पकाउँदा ३० देखि ५० प्रतिशतसम्म इन्धन बचत हुन्छ । यसले ग्यास बचाउनुका साथै अनाजका पोषक तत्वहरू पनि शरीरले सजिलै ग्रहण गर्न सक्छ ।



### ३. बर्नर र भाँडाको जोडी मिलाउने

सानो भाँडाका लागि ठूलो बर्नर बाल्ने गल्ती धेरैले गर्छन्, जसले गर्दा आगो भाँडाको किनार ाबाट बाहिर निस्केर खेर जान्छ। याद राख्नुपर्छ भाँडा सानो छ भने बर्नर पनि सानो नै प्रयोग गर्नुपर्छ । ग्यासको आगो सधैं भाँडाको तलको क्षेत्रभित्र मात्र रहनुपर्छ। ठूलो बर्नर भारी कुकर वा ठूलो भाँडाको लागि मात्र प्रयोग गर्नुपर्छ । यसको सही सन्तुलन मिलाउँदा ग्यास बचत हुन्छ ।

### ४. छोपेर पकाउने

खुला भाँडामा खाना पकाउनु ग्यासको सबैभन्दा ठूलो बर्बादी हो किनकि बाफसँगै ताप पनि बाहिर निस्कन्छ। सधैं कराही वा डेक्चीमा ढक्कन लगाएर नै खाना पकाउनुपर्छ। ढक्कनले भाँडाभित्र बाफको दबाब बनाउँछ र ताप भित्र नै रहन्छ, जसले गर्दा खाना छिटो पक्छ । यो सानो बदलावबाट २० देखि ३० प्रतिशतसम्म इन्धन बचाउन सकिन्छ। यसले खानालाई नरम बनाउँछ र स्वाद पनि राम्रो बनाउँछ ।

### ५. तरकारीहरुलाई सानो-सानो टुक्रामा काट्ने

तरकारी काट्ने तरिकाले पनि ग्यास बचतमा भूमिका खेल्छ। तरकारी जति सानो र एकनासको टुक्रामा काटिन्छ, उति नै छिटो पक्छ । साना टुक्राहरूको सतह क्षेत्र बढ्छ, जसले गर्दा ताप छिटो भित्रसम्म पुग्छ ।

### ६. मल्टीलेयर'तह भएको'कुकरमा एकसाथ धेरै कुरा पकाउने

यदि तह भएको प्रेसर कुकर छ भने, एकै पटक धेरै चिज पकाउने बानी बसाल्नुपर्छ। तल दाल र माथिका डिब्बामा चामल वा उमाल्ने तर कारी राख्न सकिन्छ । एकै पटक ग्यास बाल्दा तीन किसिमको खाना तयार हुन्छ । यसबाट ग्यासको धेरै बचत हुन्छ र भाँडा बारम्बार धुने झन्झट पनि घट्छ ।

### ७. बर्नर नियमित सफा गर्ने

ग्यास बर्नरका प्वालहरूमा फोहोर वा तेल जम्मा हुँदा आगो राम्रोसँग आउँदैन। यदि ग्यासको आगो पहेँलो वा सुन्तला रङको देखिन्छ भने बुझ्नुपर्छ ग्यास पूरै बलिरहेको छैन र खेर गइरहेको छ । सधैं निलो आगोले नै सबैभन्दा राम्रो ताप दिन्छ । हरेक १५ दिनमा बर्नरलाई ब्रस वा सियोले सफा गर्नुपर्छ ।

### ८. बाँकी रहेको तापको प्रयोग गर्ने

खाना पूरै पाक्नु भन्दा ५-१० मिनेट अगाडि नै ग्यास बन्द गर्ने । मोटो तह भएको भाँडामा यति धेरै ताप जम्मा भएको हुन्छ कि ग्यास बन्द गरेपछि पनि खाना पकिरहन्छ। जस्तैः चामल वा पास्ता उमाल्दा ८० प्रतिशत पकिएपछि ग्यास बन्द गरेर ढक्कन लगाएर छोडिदिन सकिन्छ । बाफ र भाँडाको बाफले बाँकी काम गर्छ । यो बानीले महिनामा निकै ग्यास बचाउँछ ।

### ९. बाक्लो र चेप्टो तह भएको भाँडा प्रयोग गर्ने

भाँडाको छनोटले पनि ग्यास खपतमा असर गर्छ । सधैं बाक्लो तह भएको भाँडा प्रयोग गर्नुपर्छ । यस खालको भाँडामा तापलाई समान रूपमा फैलाउँछन् र लामो समयसम्म तातो र हन्छन् । चेप्टो तह भएकाका भाँडाहरूले बर्नरको आगोलाई राम्रोसँग सोस्छन् । स्टेनलेस स्टील वा कास्ट आइरनका भाँडाहरू ग्यास बचतका लागि सबैभन्दा राम्रो मानिन्छन् ।

### १०. इलेक्ट्रिक ग्याजेट र ब्याच कुकिङ अपनाउने

पानी उमाल्न ग्यासको सट्टा इलेक्ट्रिक कित्ली प्रयोग गर्नुपर्छ । यो बढी किफायती हुन्छ । साथै ब्याच कुकिङ गर्नुपर्छ। ब्याच कुकिङ भन्नाले एकै पटक दुई-तीन पटकका लागि दाल, चामल वा गेडागुडी पकाएर फ्रिजमा राख्ने । खाना खाने बेला मात्र थोरै तताएर खाने । एकै पटक ठूलो मात्रामा पकाउँदा बारम्बार ग्यास बाल्नुभन्दा धेरै इन्धन बचत हुन्छ ।

*(स्रोतः अनलाईनखबर)*

# सहकारीको स्थापना दिवसमा विद्यालयलाई फ्रिज सहयोग




*फ्रिज हस्तान्तरणपछि खिचिएको सामूहिक तस्वीर ।*

समाज संवाददाता

हेटौँडा : हेटौँडा-२, बुद्धचोकस्थित ग्रामीण बहुउद्देश्यीय सहकारी संस्था लिमिटेडले स्थापना दिवसको अवसरमा हेटौँडा-१० स्थित संस्कृत वेद विद्यालयलाई फ्रिज सहयोग गरेको छ । आइतबार सहकारीको २७औं स्थापना दिवसको अवसरमा विद्यालयलाई २७ हजार पाँच सय रुपैयाँ मूल्यको फ्रिज हस्तान्तरण गरिएको हो।

सहकारीका सचिव रविन ढकाल, व्यवस्थापक पुष्पा क्षेत्रीसहित सहकारीका पदाधिकारी विद्यालयमै पुगेर विद्यालय व्यवस्थापन समितिका सदस्य सूर्यप्रसाद नेपाल, विद्यालयका प्रधानाध्यापक गणेश धिताल, संस्थापक अध्यक्ष कृष्णप्रसाद पुडासैनी हस्तान्तरण कार्यक्रममा सहभागी हुनुहुन्थ्यो । ८ कक्षासम्म पठनपाठन हुने संस्कृत वेद विद्यालयमा ४० जना विद्यार्थी अध्ययनरत छन् । अधिकांश विद्यार्थीलाई आवासीय सुविधासहित संस्कृत शिक्षा प्रदान गरिरहेकोले सञ्चालनका लागि आवश्यक नगद तथा जिन्सी सामग्री यस्तै सहयोगबाट प्राप्त हुने गरेको छ ।

१ हजार ८ सय सेयर सदस्य रहेको सहकारीको सेयर पुँजी २ करोड ५० लाख रुपैयाँ रहेको छ । यस्तै ५ करोड ९० लाख बचत संकलन गरेको सहकारीले ९ करोड ५२ लाख रुपैयाँ ऋण लगानी गरेको छ । सहकारीले हरेक वर्ष स्थापना दिवसमा सहयोग गर्दै आएको छ ।

# नागरिक सहभागिता बढाउनु पर्नेमा जोड

समाज संवाददाता

हेटौँडा : गैरसरकारी संस्था महासंघ मकवानपुरको आयोजनामा आइतबार 'स्थानीय योजना तथा कानून निर्माण प्रक्रियामा सहभागिता र पैरवी' सम्बन्धी अभिमुखीकरण कार्यक्रम सम्पन्न भएको छ। कार्यक्रममा सहभागी सरोवालाहरुले स्थानीय तहको योजना तर्जुमा तथा कानून निर्माण प्रक्रियामा नागरिक सहभागिता बढाउनुपर्नेमा जोड दिएका छन् ।

गैसस महासंघ मकवानपुरकी अध्यक्ष रमिला सापकोटाको सभाध्यक्षतामा भएको अभिमुखीकरण कार्यक्रममा महासंघका केन्द्रीय महासचिव देवी खड्काको प्रमुख आतिथ्य रहेको थियो । कार्यक्रममा महासंघका बागमती प्रदेश सचिव नरेश श्रेष्ठले कार्यपत्र प्रस्तुत गर्नुभएको थियो। कार्यक्रममा सहभागी स्थानीय तथा नागरिक समाजका प्रतिनिधिहरुले सरकारका गतिविधिप्रति असन्तुष्टि र आक्रोश व्यक्त गरेका थिए । सरकारले नागरिकका लागि विभिन्न कार्यक्रमहरू ल्याए पनि त्यसको प्रभावकारी कार्यान्वयन हुन नसकेको र राजनीतिक दमन बढेको उनीहरूले गुनासो गरेका छन् ।

गैरसरकारी संस्था महासंघ र नागरिक समाजसँग आवश्यक र दक्ष जनशक्ति भएकाले सरकारले नीति निर्माणदेखि योजना तर्जुमासम्मका कार्यमा नागरिक समाजसँग सहकार्य गर्नुपर्ने अध्यक्ष सापकोटाले बताउनुभयो । नागरिक समाज र निजी क्षेत्रसँग सहकार्य गरेर अगाडि बढ्नु पर्ने आवश्यकता सहभागीहरुले औंल्याएका छन्। कार्यक्रममा गैसस महासंघका केन्द्रीय उपमहासचिव किरण थापा, निजी क्षेत्रका प्रतिनिधिहरु, शिक्षक, विद्यार्थी लगायत नागरिक समाजका अगुवाहरुको सहभागिता थियो ।

शिक्षा विकास तथा समन्वय इकाईको ध्यानाकर्षण

# प्रवेश परीक्षा, तयारी कक्षा एवम् ब्रिज कोर्स प्रचारप्रसारमा रोक

समाज संवाददाता

हेटौँडा : मकवानपुरमा प्रवेश परीक्षा तयारी कक्षा एवम् ब्रिज कोर्समा भर्नाका लागि गरिने विज्ञापन तथा प्रचारमा गर्न रोक लगाइएको छ । शिक्षा विकास तथा समन्वय इकाई मकवानपुरले आइतबार सूचना जारी गर्दै यस्ता कक्षा सञ्चालन गर्दै आएका सरोकारवालाहरुलाई सचेत गराएको हो ।

इकाईले नेपाल सरकारको निर्णय अनुसार यस्ता कोर्सहरु सञ्चालन गर्न नपाइने हुँदा प्रचारप्रसार तथा विज्ञापन समेत नगर्न आग्रह गरेको छ । नेपाल सरकार शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयले गत चैत्र १६ गते विद्यालय शिक्षा उच्च शिक्षाका विभिन्न तहमा हुँदै आएको प्रवेश परीक्षा, तयारी कक्षा एवम् ब्रिज कोर्स सञ्चालन गर्न रोक लगाए पनि माध्यमिक शिक्षा परीक्षा (एसईई) लाई लक्षित गर्दै परीक्षा केन्द्र रहेका विद्यालयहरुको बाहिर बसी यस्ता केन्द्रहरुको प्रचारप्रसार गरेको भन्ने जानकारी प्राप्त भएकोले सो कार्य नगर्न सरोकारवालाहरुलाई आग्रह गरेको इकाइका प्रमुख सुदीप गिरीले जानकारी दिनुभयो ।

यसअघि नै शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयले विद्यालय तहका यस्ता कार्यक्रमले विद्यार्थीको मनोविज्ञान तथा शिक्षामा समतामूलक पहुँचमा नकारात्मक प्रभाव पार्ने र विद्यार्थीका लागि अनावश्यक आर्थिक बोझसमेत पर्ने भन्दै खारेजीको निर्णय गरेको थियो । २०८३ साल वैशाख १ गतेदेखि पूर्णरूपमा बन्द गर्नु गराउन मनत्रालयले निर्देशन समेत दिइसकेको छ। यस्तै उच्च शिक्षाका विभिन्न तह लक्षित कार्यक्रमहरू प्रचलित कानुनबमोजिम सञ्चालन नभएको भए बन्द गर्नसमेत निर्देशन दिँदै मन्त्रालयले प्रेस विज्ञप्तीमार्फत नै कानुनी मापदण्ड नपुऱ्याइ सञ्चालनमा रहेका संस्थाहरुमा अनुगमन मार्फत कानुन बमोजिम कारबाहीको प्रक्रिया अगाडि बढाउन समेत सम्बन्धित जिल्ला प्रशासन कार्यालयहरूलाई अनुरोध गरिसकेको छ ।

"श्रमिक मा.वि.को इच्छा, गुणस्तरीय शिक्षा"

भर्ना खुल्यो ! भर्ना खुल्यो !! भर्ना खुल्यो !!!

शैक्षिक सत्र २०८३ का लागि भर्ना खुल्यो

यस विद्यालयमा अँग्रेजी माध्यमको Play Group देखि Class 9 र नेपाली माध्यमको कक्षा १ देखि ९ सम्म भर्ना खुल्यो।

भर्ना फारम वितरण मिति : २०८२ चैत २२ गतेबाट
नयाँ विद्यार्थी भर्ना मिति : २०८३ वैशाख ६ गतेबाट
प्रवेश परीक्षा मिति : २०८३ वैशाख ५ गते
कक्षा सञ्चालन मिति : २०८३ वैशाख ६ गतेबाट

हाम्रो विशेषताहरू :

- कक्षा ८ र १० मा Smart Board मार्फत पठन-पाठनको व्यवस्था
- अधिकांश कक्षामा Projector सहितको Audio-Visual Class को व्यवस्था
- PG कक्षाका बालबालिकाको हेरचाहका लागि आयाको व्यवस्था
- पर्याप्त Indoor खेल सामग्रीसहित सार्वजनिक बिदामा पनि PG, Nursery, LKG, UKG, 1 र 2 कक्षा सञ्चालनको व्यवस्था
- नेपाली र अङ्ग्रेजी माध्यमको लागि छुट्टै भवनको व्यवस्था
- वर्षे बिदामा समेत पठनपाठन गरी कमजोर विद्यार्थीका लागि अतिरिक्त कक्षाको व्यवस्था
- क्यान्टिनको व्यवस्थासहित कक्षा ५ सम्म निःशुल्क दिवा खाजाको व्यवस्था
- दक्ष एवम् तालिम प्राप्त शिक्षकबाट पूर्ण अङ्ग्रेजी माध्यममा पठनपाठनको व्यवस्था
- PG र Nursery कक्षाका विद्यार्थीको गतिविधि CCTV मार्फत् अभिभावकले घरबाटै निगरानी गर्ने व्यवस्था
- प्रत्येक कक्षामा Homework Board को व्यवस्था र Homework Board को फोटो Messenger Group मा पठाईने व्यवस्था ।
- अन्य कक्षामा पनि CCTV मार्फत नियमित अनुगमनको व्यवस्था
- पर्याप्त तथा स्तरीय खेलमैदान, खेल सामग्रीसहित खेलकुद प्रतियोगिताको व्यवस्था
- प्रत्येक शुक्रबार साप्ताहिक परीक्षाको व्यवस्था
- साप्ताहिक, त्रैमासिक परीक्षाको उत्तरपुस्तिका विद्यार्थी, अभिभावकले हेर्न पाउने व्यवस्था
- नियमित अतिरिक्त क्रियाकलापसहित उत्कृष्ट विद्यार्थीलाई पुरस्कारको व्यवस्था
- विद्यार्थीलाई Home-work डायरी र वार्षिक कार्ययोजनासहितको क्यालेण्डरको व्यवस्था
- प्रशिक्षकसहितको नृत्य कक्षाको व्यवस्था/शान्त तथा बालमैत्री वातावरणमा अध्ययन अध्यापनको व्यवस्था
- शैक्षिक प्रदर्शनी, खेलकुद प्रतियोगिता तथा अतिरिक्त क्रियाकलापमा उत्कृष्ट नतिजा हासिल
- विद्यालय हातामा मनोरम पार्क तथा फूलबारीको व्यवस्था
- स्तरीय Science Lab. Computer Lab. र पर्याप्त पुस्तकसहितको पुस्तकालयको व्यवस्था

अंग्रेजी माध्यमतर्फ नयाँ भर्ना गर्न सकिने कक्षागत विद्यार्थी संख्या

| कक्षा | संख्या |
|---|---|
| P.G. (पिजी) | २० जना |
| Nursery | ५ जना |
| LKG | १ जना |
| UKG | ४ जना |
| 1 | ५ जना |
| 2 | १ जना |
| 3 | ५ जना |
| 4 | १५ जना |
| 5 | १५ जना |
| 6 | १४ जना |
| 7 | १३ जना |
| 8 | १६ जना |
| 9 | १५ जना |

श्री श्रमिक माध्यमिक विद्यालय
हेटौंडा-४, कर्रा, स्थापित: २०२२
थप जानकारीका लागि सम्पर्क :
९७६५९५५५२२, ९८४५१०७४२८, ९८४५२८६५६५

# नदीजन्य पदार्थ उत्खननबारे तालिम

समाज संवाददाता

हेटौँडा : मकवानपुर भित्रका नदीजन्य पदार्थ उत्खननका सम्बन्धी कानूनी ज्ञान तथा निर्णयका लागि क्षमता विकास कार्यक्रम सम्पन्न भएको छ । आइतबार जिल्ला समन्वय समिति मकवानपुरको आयोजनामा मकवानपुरका स्थानीय तहहरुलाई नदीजन्य पदार्थको सदुपयोग कसरी कानूनसम्मत निर्णय लिने तथा विवादरहित तवरले कसरी निर्णय गर्ने भन्ने सम्बन्धमा तालिम कार्यक्रम भएको हो ।

यसअघि जिल्लामा विभिन्न पालिकाहरुमा विवादास्पद तवरले र भविष्यबारे सोँच, विचार नगरी कार्यक्रम गर्दा समस्या हल गर्न कठिन भएकोले पालिकाका प्रमुख जनप्रतिनिधिहरु तथा प्रमुख कर्मचारीहरुलाई नदीजन्य पदार्थको कानूनसम्मत सदुपयोग गर्नेबारे विज्ञहरुको तालिम प्रदान गरिएको जिल्ला समन्वय समितिका प्रमुख ललित बहादुर घलानले बताउनुभयो। तालिममा मकवानपुरका हेटौँडा उपमहानगरपालिका, मनहरी गाँउपालिका, भिमफेदी गाँउपालिका, कैलाश गाँउपालिका बाहेक अन्य ६ पालिकाका जनप्रतिनिधीहरु अध्यक्ष तथा उपाध्यक्षहरु सहभागी थिए । यस्तै सबै पालिकाहरुका प्रमुख प्रशासकीय अधिकृतहरु, पालिकाको राजश्व शाखा प्रमुख तथा आइइइ अर्थात प्रारम्भिक वातावरणीय परिक्षण हेर्ने इन्जिनियरहरु समावेश भएका थिए ।

तालिममा हेटौँडा उपमहानगर पालिकाकी वातावरण विज्ञ चन्दा खड्का, शहरी विकास मन्त्रालयका वातावरण निरीक्षक हरिशंकर झा, विपद् व्यवस्थापन विज्ञ डा. राजन राज पाण्डे र वन, भू तथा जलाधार विज्ञ हेम पाठकले विषयवस्तुबारे सहजीकरण गर्नुभएको थियो । कार्यक्रममा वातावरण ऐन २०७६ तथा नियमावली २०७७, प्रदेश वातावरण ऐन, वन ऐन लगायतमा उल्लेख मापदण्डहरुबारे सहजीकरण गरिएको थियो। बागमती प्रदेशसभा सदस्य एकालाल श्रेष्ठको प्रमुख आतिथ्य तथा जिल्ला समन्वय समितिका प्रमुख ललित घलानको सभाध्यक्षतामा भएको कार्यक्रममा प्रमुख जिल्ला अधिकारी बसन्त अधिकारी, जिल्ला समन्वय समितिका प्रवक्ता खड्ग बहादुर पुलामी, जिल्ला वन कार्यालयका प्रतिनिधी लगायत जिल्लास्थित सुरक्षा संयन्त्रका प्रमुखहरुको सहभागिता थियो ।

# ५ वटा सवारी साधन ठोक्किदा २ जना घाइते

समाज संवाददाता

हेटौँडा : ५ वटा सवारी साधन एकआपसमा ठोक्किदा २ जना घाइते भएका छन् । पूर्व-पश्चिम राजमार्गअन्तर्गत हेटौँडा-१९, गुम्बाचोकमा दुर्घटना भएको बागमती प्रदेश प्रहरी कार्यालय हेटौँडाले जानकारी दिएको छ ।

प्रहरीका अनुसार मनहरीतर्फबाट हेटौँडातर्फ जाँदै गरेको मधेश प्रदेश ०३-०३६ प ६७३६ नम्बरको मोटरसाइलले सोही दिशातर्फ जाँदै गरेको बा १६ च ७६९३ नम्बरको कारलाई ओभरटेक गर्ने क्रममा विपरित दिशाबाट आउँदै गरेको ना ७ ख ३०७ नम्बरको डिब्बा ट्रकले मोटरसाइकललाई ठक्कर दिँदा दुर्घटना भएको थियो। मोटरसाइकल ७६९३ नम्बरको कारमा ठोकिदा पछाडि जाँदै गरेको बा प्र ०१-०२९ च ४००६ नम्बरको कार र बा प्र ०१-०३० च २९६२ नम्बरको कारमा समेत एकआपस ठोकिएको हो ।

दुर्घटनामा मोटरसाइकल चालक पर्साको बहुदरमाई नगरपालिका-४, बजारटोल बस्ने २५ वर्षीय शत्रुधन प्रसाद यादव र पछाडी सवार पकाह मैनपुर गाउँपालिका-१ बस्ने २३ वर्षीय जयगोबिन्द मेहता घाइते भएका छन् । ७६९३ नम्बर कारका चालक नवलपरासी (पूर्व) कावासोती नगरपालिका-२ बस्ने ४३ वर्षीय नारायण प्रसाद पौडेल, ४००६ नम्बर कारका चालक सर्लाही बरहथवा नगरपालिका-२ का ४४ वर्षीय अन्तोष कुमार दास, २९६२ नम्बर कारका चालक सिन्धुपाल्चोकको चौतारा साँगाचोकगढी नगरपालिका-५ बस्ने ४१ वर्षीय प्रभात श्रेष्ठ र डिब्बा गाडीका चालक धादिङ थाक्रे गाउँपालिका-२ बस्ने २६ वर्षीये सुमन तामाङ इलाका प्रहरी कार्यालय नेवारपानीको नियन्त्रणमा रहेको छ ।

सामुदायिक रेडियो, रेडियो निकास ९३.४ मेगाहर्ज सुनौं र सुनाऔं

**मदन भण्डारी स्वास्थ्य विज्ञान प्रतिष्ठान**

**बागमती प्रदेश, मकवानपुर**

**करार सेवा सम्बन्धी सूचना**

*दोस्रो पटक सूचना प्रकाशन २०८२/१२/२३*

यस मदन भण्डारी स्वास्थ्य विज्ञान प्रतिष्ठानको यसअघि प्रकाशित सूचना न. ४३ मा उल्लेख्य आवेदन नपरेको हुँदा प्रशासनिक देहायका जनशक्तिहरु करार सेवाबाट लिन यो सूचना दोस्रो पटक प्रकाशित गरिएको छ । तसर्थ योग्यता पुगेका उम्मेद्वारहरुले यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिन भित्र रितपूर्वक दरखास्त पेश गर्न सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**आवश्यक जनशक्ति**:

| सी. न. | पद | तह | माग संख्या |
|---|---|---|---|
| १. | प्रशासकीय अधिकृत (खरिद) | ७ | १ |
| २. | लाइब्रेरियन (अधिकृत) | ७ | १ |
| ३. | सूचना प्रविधि सहायक | ५ | १ |

दरखास्त बुझाउने अन्तिम मिति २०८३/०१/०७ गते

**नोट**: विस्तृत जानकारी प्रतिष्ठानको वेबसाइट www.mbahs.edu.np मा राखिएको छ । साथै थप जानकारीका लागि प्रतिष्ठानको प्रशासन शाखामा सम्पर्क गर्न सकिनेछ ।

# बालजागृतिका विद्यार्थीको आवाज

BALJAGRITI ENGLISH SECONDARY SCHOOL
Hetauda-2




क्रिस्मा कार्की
कक्षा-३




अप्सन खड्का
कक्षा-६




जेनिश चौलागाईं
कक्षा-६






ओजस्वि सिवाकोटी
कक्षा-३

## नदी



संस्कृति थापा

घाम लाग्यो झलल
पानी बग्यो सलल
अघि अघि सर्दैछु
दौडे जस्तो गर्दैछु ॥

पानी ढुङ्गा माथि छ
माछा खेल्ने साथी छ
माटो बग्न खोज्दै छ
कता जाने सोँच्दै छ ॥

डुबुल्की पो मरुँ कि
माछा हात पारुँ कि
भित्र कस्तो कस्तो भो
पौडी खेलु जस्तो भो ॥

*कक्षा-६ 'अन्नपूर्ण'*

## आमा



अनुपा चौलागाईं

सृष्टिको सुन्दर उपहार हौ तिमी
अँध्यारोको उज्यालो हौ तिमी
आफूले माया ममता गरेर हुर्कायौ
रुँदा सधैं मेरै साथमा बस्यौ ॥

तिमी हो संसारको उज्यालो
तिमीसँगै मलाई लाग्छ रमाइलो
भगवान भन्दा माथि छ तिम्रो स्थान
तिमीसँग हुँदा मलाई हुन्छ शान ॥

जति सुविधा दिए पनि ऋण तिर्न सकिँदैन
तिम्रो मायाको महासागर छल्लिकिन
सधै रहोस् मेरो शिरमा तिम्रो आशिषको हात
संसार जित्ने उत्साह हुन्छ मात्रै तिम्रो साथ ॥

*कक्षा-६*

## प्रधानमन्त्री कप क्रिकेट

# बागमती प्रदेशको लज्जास्पद हार, सुदूरपश्चिम शीर्षस्थानमा




*प्लेयर अफ द म्याच रन्जित खत्री खड्कालाई ट्रफी हस्तान्तरण गरिँदै ।*

समाज संवाददाता

हेटौँडा : जारी पुरूष एकदिवसीय प्रधानमन्त्री कप क्रिकेट प्रतियोगिता-२०८२ अन्तर्गत बागमती प्रदेशले लज्जास्पद हार व्यहोरेको छ । आइतबार बागमती प्रदेशले सुदूरपश्चिम प्रदेशसँग लज्जास्पद हार व्यहोरेको हो ।

आइतबार जनकपुरको रामजानकी क्रिकेट मैदानमा भएको खेलमा सुदूरपश्चिमले बागमतीलाई १६३ रनले पराजित गरेको हो । टस हारेर सुरुमा व्याटिङको निम्तो पाएको सुदूरपश्चिम प्रदेशले बागमती प्रदेशलाई २१० रनको लक्ष्य दिएको थियो । सुदूरपश्चिम प्रदेश ४२ ओभर १ बलमा २०९ रनमा अलआउट भएको थियो । सुदूरपश्चिमका लागि नारायण जोशीले ७५ रन, दीपक बोहराले ४० रन र अभिषेक पालले ३९ रन बनाए । बागमतीका कप्तान सन्दिप लामिछाने र प्रतिश जिसीले समान ४/४ विकेट लिएका थिए ।

२१० रनको लक्ष्य पछ्याएको बागमती प्रदेश ४६ रन बनाउँदा अलआउट भयो । बागमती प्रदेश ११ ओभर २ बलमा ४६ रनमा अलआउट भएको हो । बागमतीका शुभ कंसाकारले ३२ रन र प्रतिश जिसीले ४ रन जोडे । बागमतीका ४ जना व्याटरहरु शून्य रनमा आउट भए । सुदूरपश्चिमका हेमन्त धामीले ७ विकेट र कप्तान शेर मल्लले ३ विकेट लिए । उत्कृष्ट बलिङ गरेका सुदुरपश्चिमका धामी प्लेयर अफ द म्याच घोषित भए ।

यस्तै, आईतबार भएको अर्को खेलमा लुम्बिनी प्रदेशले विभागीय टोली नेपाल पुलिस क्लबलाई पराजित गरेको छ । वीरगंजको नारायणी रङ्गशालामा भएको खेलमा लुम्बिनी प्रदेशले विभागीय टोली पुलिस क्लबलाई ५० रनले पराजित गरेको छ । टस हारेर सुरुमा व्याटिङको निम्तो पाएको लुम्बिनी प्रदेशले पुलिस क्लबलाई २५७ रनको लक्ष्य दिएको थियो । लुम्बिनी प्रदेशले ४९ ओभर ५ बलमा २५६ रनमा अलआउट भएको थियो । लुम्बिनीका ओपनर व्याटर रन्जित खत्री खड्काले १२८ रन, आकाश त्रिपाठीले ३६ रन र दर्शन सुनारले ३३ रन बनाए । पुलिस क्लबका ललित नारायण राजवंशीले ३ विकेट, रासिद खान र दिनेश खरेलले समान २/२ विकेट लिए ।

जवाफी व्याटिङ गरेको पुलिस क्लब २०६ रनमा अलआउट भयो । विभागीय टोली पुलिस क्लब ४२ ओभरमा ५ बलमा २०६ रनमा अलआउट भएको हो । पुलिस क्लबका दिनेश खरेलले ९४ रन र श्रवण यादवले ३६ रन बनाए । लुम्बिनी प्रदेशका अजय चौहानले ४ विकेट र कप्तान देव खनालले ३ विकेट लिए । लुम्बिनीका लागि शतकीय पारी खेलेका रन्जित खत्री खड्का प्लेयर अफ द म्याच घोषित भए । आईतबार बागमती पराजित गरेसँगै ६ खेलबाट १० अंकसहित सुदूर पश्चिम अंकतालिकाको शीर्षस्थानमा उक्लिएको छ । ६ खेलबाट समान ७/७ अंकसहित नेपाल पुलिस क्लब र लुम्बिनी प्रदेश क्रमशः तेस्रो र चौथो स्थानमा रहेको छ भने ६ खेलबाट ४ अंकसहित बागमती प्रदेश आठौं स्थानमा यथावत रहेको छ ।


## विद्युतीय उपकरणको प्रयोगबाट बालबालिकामा पर्ने असर :

विद्युतीय उपकरण (मोबाइल, ट्याब, ल्यापटप)
आदिको अधिक प्रयोगले :

- बालबालिकाको आँखाको ज्योति कमजोर हुनसक्छ,
- दिमागमा असर पर्नसक्छ,
- समयमा नसुत्न सक्छन्,
- खानपान तथा दिसापिसाबमा ध्यान नदिन सक्छन्,
- एकान्तमा बस्न मन पराउन सक्छन्,
- झिज्याहट हुन सक्छ,
- साथीहरुसँग घुलमिल नहुन सक्छन्,
- एकै स्थानमा बसिरहँदा रक्तसंचारमा प्रतिकूल प्रभाव पर्न सक्छन्,
- बालबालिकामा अटिजम, शारीरिक तथा मानसिक अपाङ्गता समेत हुनसक्ने भएकोले

बालबालिकालाई विद्युतीय उपकरणको अधिक प्रयोगबाट बचाऔँ ।

नेपाल सरकार
**विज्ञापन बोर्ड**



## डढेँलोबाट बचौँ र बचाऔँ सम्बन्धी सूचना

- सलाई, लाईटरजस्ता प्रज्वलनशील वस्तु बालबालिकाले भेट्ने ठाउँमा नराखौँ,
- जंगलमा सलाई तथा लाईटरको प्रयोग नगरौँ र गर्नैपर्ने भए सावधानीपूर्वक प्रयोग गरी राम्रो गरी निभाऔँ,
- हाम्रो सानो असावधानीले जंगल मात्र होइन आसपासका वस्ती समेत उजाड हुन सक्छन्,
- जन, धन र वनको संरक्षण गरौँ,

सचेत बनौँ, डढेँलोबाट आफू पनि बचौँ र अरुलाई पनि बचाऔँ ।

**वन तथा वातावरण मन्त्रलालय**
बागमती प्रदेश, नेपाल
हेटौँडा, मकवानपुर


## बुधबारे सालसाहित्य

यो स्तम्भमा हामी विद्यार्थीको परिचय, विद्यार्थीका रचना, घरमा अभिभावक र बालबालिका अध्ययन गर्दै गरेको तस्वीर, अन्तरवार्ता समावेश गर्नेछौं । आशा छ हामीले विद्यार्थीलाई अध्ययन र लेखनमा प्रेरित गर्न सकारात्मक योगदान गर्न सक्नेछौं ।

**सम्पादक**

## हेटौंडामा प्रहरीको 'अपरेसन ड्रप'

# १८ जना पक्राउ

समाज संवाददाता

हेटौंडा : हेटौंडामा बिचौलिया तथा गुण्डागर्दी नियन्त्रण गर्न प्रहरीले 'अपरेसन ड्रप' संचालन गरेको छ । जिल्ला प्रहरी कार्यालय मकवानपुरले सञ्चालन गरेको विशेष अभियान 'अपरेसन ड्रप' मार्फत् १८ जनालाई नियन्त्रणमा लिएको हो ।

प्रहरीले यात्रुहरुलाई अनावश्यक हैरानी दिने, गैर-व्यावसायिक क्रियाकलाप गर्ने, गुण्डागर्दी तथा आपराधिक गतिविधिहरुमा संलग्न व्यक्तिहरुलाई कानुनी कारबाहीको दायरामा ल्याउन उक्त अभियान सुरु गरेको जिल्ला प्रहरी कार्यालय मकवानपुरका प्रवक्ता प्रहरी नायव उपरीक्षक पुस्कर बोगटीले जानकारी दिए । उनका अनुसार उक्त अभियान अन्तर्गत चैत २१ र २२ गते हेटौंडाका विभिन्न स्थानबाट १८ जना व्यक्तिहरुलाई नियन्त्रणमा लिई आवश्यक अनुसन्धान भइरहेको छ ।

पक्राउ पर्नेहरुमा हेटौंडा उपमहानगरपालिकाका विभिन्न वडामा बस्ने १७ जना र रौतहट जिल्ला फतुवा विजयपुर नगरपालिकाका १ जना रहेका छन् । प्रहरीले हेटौंडा-१ का नसिब बर्तौला, फारोक अन्सारी, हेटौंडा-११ का नवराज गुरुङ, बद्री बहादुर तामाङ, शुभम् थिङ, सुरज श्रेष्ठ, हेटौंडा-१३ का सुगम लोप्चन, रोजेश ओझा लगायत रहेका छन् । त्यस्तै हेटौंडा-१२ का सन्त कुमार महर्जन, कमल सिंह भ्लोन, अजय स्याङ्तान, अरुण स्याङतान, सविन थिङ, हेटौंडा-१९ का अर्जुन भ्लोन तामाङ, दिपेश लामा, हेटौंडा-१४ का राहुल तामाङ, हेटौंडा-६ का नविन गौतम र फतुवा विजयपुर-१०, रौतहटका रवि तिमल्सिनालाई पक्राउ गरिएको छ ।


## न्यू स्वर्ण भण्डार सुनचाँदी पसल राप्तिरोडबाट खोपेगल्लीमा सरेको सूचना

हेटौँडा-१०, राप्तिरोडमा रहेको न्यू स्वर्ण भण्डार सुनचाँदी पसल यहि मिति २०८२ साल फाल्गुन २९ गतेदेखि हेटौँडा-४, खोपेगल्लीस्थित आफ्नै भवनमा (रोज एकेडेमी स्कूलसँगै) सरेको सहर्ष जानकारी गराउँदछौँ ।

**प्रो. ज्योति रत्न बज्राचार्य**
सम्पर्क : ९८४५५९८३०१, ९८०४२२८३६४


## प्रभु बैंक लिमिटेड, शाखा कार्यालय हात्तिसुँडे, मकवानपुरका, तपसिलमा उल्लिखित ऋणी तथा जमानतकर्तालाई कर्जा चुक्ता गर्न आउने बारेको ३५ दिने सार्वजनिक सूचना तथा धितोमा रहेको सम्पत्ति गोप्य शिलबन्दी बोलपत्र मार्फत लिलाम बिक्री गर्ने बारेको ७ (सात) दिने सार्वजनिक सूचना

**(सूचना प्रकाशित मिति २०८२/१२/२३ गते सोमबारको समृद्ध समाज राष्ट्रिय दैनिक)**

यस बैंक (साविक सेञ्चुरी कमर्सियल बैंक लि.) का तपसिलमा उल्लेखित ऋणीले बिभिन्न शिर्षक अन्तरगत लिनुभएको ऋण कर्जाको किस्ता (साँवा, ब्याज) भुक्तानी सम्बन्धी शर्त कबुलियत उल्लघंन गर्नु भएकोले निज ऋणीलाई ऋण कर्जा चुक्ता भुक्तानको लागि पटक पटक मौखिक एवं लिखित तरताकेता गर्दा समेत सोको पूर्ण बेवास्ता गरी ऋणी तथा जमानतकर्ताले कर्जा नियमित तथा चुक्ता फछ्र्यौट गर्ने तर्फ चासो नदेखाई आलटाल गरी बसेको हुँदा यो सूचना प्रकाशित गरिएको छ । अतः यो सूचना प्रकाशित भएको मितिले ३५ दिन भित्र बैंकमा सम्पर्क राखी सम्झौता बमोजिम बैंकलाई तिर्न बुझाउन बाँकी सम्पूर्ण रकम चुक्ता फछ्र्यौट गर्न गराउनु हुन ऋणी, जमानतकर्ता तथा धितो सुरक्षण धनी लगायत सम्बद्ध सबैमा सूचित गरिन्छ । यस सूचनाको समेत बेवास्ता गरी उल्लेखित समयावधि भित्र कर्जा चुक्ता फछ्र्यौट नगरेको खण्डमा ऋणी तथा जमानतकर्ता लगायत नेपाल राष्ट्र बैंकको निर्देशन बमोजिम कर्जा सूचना केन्द्रको कालो सूचीमा समाविष्ट गर्नुपर्ने सम्बद्ध सबैलाई नेपाल राष्ट्र बैंकको निर्देशन बमोजिम कर्जा सूचना केन्द्रको कालो सूचीमा समावेश गर्न सिफारिस गरीने ब्यहोरा जानकारी गराउँदै कर्जाको सुरक्षणको रुपमा बैंक समक्ष धितो रहेको तपसिलमा उल्लेखित सम्पत्ति जे जस्तो अवस्थामा छ सोही अवस्थामा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ तथा अन्य प्रचलित कानूनले दिएको अधिकार प्रयोग गरी प्रस्तुत सूचनाको म्याद भित्र प्राप्त हुन आएका गोप्य शिलवन्दी वोलपत्रको माध्यमबाट लिलाम बिक्री गरिने भएकोले उक्त सम्पत्ति के कति मुल्यमा खरिद गरी लिने हो सो खुलाई यो सूचना प्रकाशित भएको मितिले ३६ औं दिन देखि ४२ औं दिन भित्र गोप्य शिलबन्दी बोलपत्र बैंकको शाखा कार्यालय **हात्तिसुँडे, मकवानपुरमा** दाखिल गर्नु हुन ईच्छुक व्यक्ति तथा संगठित संस्था सबैको जानकारीको लागि समेत यो सूचना प्रकाशित गरिएको छ । प्राप्त बोलपत्रहरु यो सूचना प्रकाशित भएको मितिले ४३ औं दिन अर्थात मिति २०८३/०२/०४ गते सोमबारको दिन (सो दिन सार्वजनिक बिदा परेमा सोको लगत्तै बैंक खुलेको दिन) यस बैंकको शाखा कार्यालय हात्तिसुँडे, मकवानपुरमा दिनको ठीक ३:०० बजे खोलिने भएकोले उक्त दिन उपस्थित हुन सम्बन्धित ऋणी, सुरक्षण धनी, इच्छुक बोलपत्र दाता तथा सम्बद्ध सबैमा अनुरोध छ । प्राप्त बोलपत्रहरु बैंकले बिना कुनै कारण दर्शाइ स्वीकार वा अस्वीकार गर्न सक्ने व्यहोरा समेत जानकारी गराइन्छ । कुनै कारणवश तपसिलमा उल्लेखित सम्पत्ति लिलाम बिक्री नभएमा सो सम्पत्ति अन्य व्यवस्था गरी बेच बिखन गर्न सक्ने वा प्रचलित कानून बमोजिम बैंकले सकार गरी लिन सक्ने व्यहोरा र उक्त सम्पत्तिबाट बैंकको सम्पूर्ण बक्यौता असूलउपर नभएमा प्रचलित कानून बमोजिम असुलउपर गरी लिईने व्यहोरा समेत जानकारी गराइछ ।

**तपसिल**

| ऋणी तथा जमानतकर्ताको विवरण : | |
|---|---|
| **१. ऋणी : भीम बहादुर घलान** (ना.प्र.नं. ५४।३५६३३, जारी मिति २०६३/०३/०५, जारी गर्ने कार्यालय जि.प्र.का. मकवानपुर) । ठेगाना : मकवानपुर जिल्ला बाग्मती गा.पा. वडा नं. ९ (साबिक बेतिनी गा.वि.स. वडा नं. ९) । बाबु : धन बहादुर घलान । बाजे : मान बहादुर घलान । | **जमानतकर्ता : धन बहादुर घलान** (ना.प्र.नं. ३०७३, जारी मिति २०४५/०१/११, जारी गर्ने कार्यालय जि.प्र.का. मकवानपुर) । ठेगाना : मकवानपुर जिल्ला बाग्मती गा.पा. वडा नं. ९ (साबिक-बेतिनी गा.वि.स. वडा नं. ९) । बाबु : मान बहादुर घलान । बाजे : प्रतिमान घलान । |
| **जमानतकर्ता : बिष्णु माया घलान** (ना.प्र.नं. ५४।३५७३३, जारी मिति २०६३/०३/०६, जारी गर्ने कार्यालय जि.प्र.का. मकवानपुर) । ठेगाना : मकवानपुर जिल्ला बाग्मती गा.पा. वडा नं. ९ (साबिक बेतिनी गा.वि.स. वडा नं. ९) । बाबु : नलर मान स्याङतान । पति : भीम बहादुर घलान । ससुरा : धन बहादुर घलान । | **लिलाम बिक्री हुने धितो सुरक्षणको बिवरण :** धन बहादुर घलानको नाममा मालपोत कार्यालय हेटौंडा, मकवानपुरमा दर्ता श्रेष्ता कायाम रहेको मकवानपुर जिल्ला बेतिनी गा.वि.स. वडा नं. ९, नक्सा सिट नं. ९ स्थित कित्ता नं. ४९ र ५०, क्षेत्रफल ५-१३-२-३ र ४-३-०-१ (रोपनी)को घर/जग्गा तथा सो घर/जग्गाले चर्चेको सम्पूर्ण लिगलगापात समेत....१ |
| **२. ऋणी : प्रतिक राई** (ना.प्र.नं. १२७३, जारी मिति २०६२/०८/२०, जारी गर्ने कार्यालय जि.प्र.का. रौतहट) । स्थाई ठेगाना : रौतहट जिल्ला चन्द्रपुर न.पा. वडा नं. ६ (साविक चन्द्रनिगाहपुर गा.वि.स. वडा नं. ७ । हालको ठेगाना : मकवानपुर जिल्ला बाग्मती गा.पा. वडा नं. २ । बाबु : बिशु राई । बाजे : सुना राई । | **जमानतकर्ता : लक्ष्मीमाया राई** (ना.प्र.नं. ३११००१।८५२८२, जारी मिति २०६८/०३/०३, जारी गर्ने कार्यालय जि.प्र.का. मकवानपुर) । ठेगाना : मकवानपुर जिल्ला बाग्मती गा.पा. वडा नं. २ (साबिक राईगाउँ गा.वि.स. वडा नं. ५) । बाबु : शुक्र बहादुर राई । पति : प्रतिक राई । ससुरा : बिशु राई । |
| **जमानतकर्ता : कुशुम राई** (ना.प्र.नं. ३१-०१-७५-०४०००, जारी मिति २०७५/०३/३२, जारी गर्ने कार्यालय जि.प्र.का. मकवानपुर) । ठेगाना : मकवानपुर जिल्ला बाग्मती गा.पा. वडा नं. २, राईगाउँ । बाबु : प्रतिक राई । बाजे : बिशु राई । | **लिलाम बिक्री हुने धितो सुरक्षणको बिवरण :** १. प्रतिक राईको नाममा मालपोत कार्यालय हेटौंडा, मकवानपुरमा दर्ता श्रेष्ता कायाम रहेको मकवानपुर जिल्ला फापरबारी गा.वि.स. वडा नं. १, नक्सा सिट नं. १, स्थित कित्ता नं. १३२५ क्षेत्रफल ०-४-८.५-० (बिघा)को घर/जग्गा तथा सो घर/जग्गाले चर्चेको सम्पूर्ण लिगलगापात समेत .....१ |

**पुनश्च :**

१. बोलपत्र सम्वन्धी शर्त बन्देज सहितको बोलपत्र फारम बैंकको प्रधान कार्यालय, बबरमहल, काठमाण्डौ स्थित कर्जा असुली विभाग र **शाखा कार्यालय हात्तिसुँडे, मकवानपुरबाट** समेत प्राप्त गर्न सकिनेछ ।
२. सम्पत्ति दाखेलखारेज नामसारी गर्दा नेपाल सरकारले तोके बमोजिम लाग्ने राजश्व लगायत सम्पूर्ण दैदस्तुर सकारकर्ता स्वयंले तिर्नुपर्नेछ ।
३. लिलाम हुने सम्पत्ति निरीक्षण अवलोकन गर्नु परेमा वा धितो लिलाम सम्बन्धी अन्य थप जानकारी आवश्यक भएमा बैंकको प्रधान कार्यालय, बबरमहल, काठमाण्डौ स्थित कर्जा असुली विभाग र **शाखा कार्यालय हात्तिसुँडे, मकवानपुरमा** सम्पर्क राख्न सकिनेछ ।

prabhu Bank
**प्रभु बैंक लिमिटेड**
प्रधान कार्यालय, बबरमहल, काठमाडौं, नेपाल
फोन नं. : ०१-५७१९०००

## छुट्टाछुट्टै सवारी दुर्घटनामा ३ जनाको मृत्यु

समाज संवाददाता

हेटौँडा : छुट्टाछुट्टै सवारी दुर्घटनामा एकैदिन ३ जनाको मृत्यु भएको छ । चितवन, धादिङ र नुवाकोट जिल्लामा ३ जनाको मृत्यु भएको बागमती प्रदेश प्रहरी कार्यालय हेटौँडाले जानकारी दिएको छ ।

शनिबार अपरान्ह १ बजेर ४५ मिनेटको समयमा धादिङको गंगाजमुना गाउँपालिका-५, दाङसिंहमा भीरबाट लडेर ४२ वर्षीय प्रदीप लामाको मृत्यु भएको छ । सधै मादक पदार्थ सेवन गर्ने लामा ४ महिनादेखि लेबर काम गर्दै आएका थिए । चितवनको भरतपुर महानगरपालिका-३, नगरवन मार्गमा बसको ठक्करबाट भारतको अमरावती जिल्लाको अन्जनगाउका १० वर्षीय इरेस घोस्लेको मृत्यु भएको छ । बा प्र ०६००१ ख ०४९२ नम्बरको बस सहचालकले पार्किङका लागि व्याक गर्ने क्रममा सडकछेउमा बेवारिसे अवस्थामा बसेका घोस्लेलाई ठक्कर दिएको थियो । बसको ठक्करबाट घाइते भएका घोस्लेलाई उपचारका लागि भरतपुर अस्पताल लगिएको थियो । घोस्लेको उपचारको क्रममा शनिबार राति ११ बजेर २५ मिनेटको समयमा घोस्लेको मृत्यु भएको प्रहरीले जानकारी दिएको छ । बस र सहचालक नवलपुरको कावासोती नगरपालिका-१ का २५ वर्षीय प्रेम बहादुर नेपाली प्रहरीको नियन्त्रणमा रहेको छ ।

यस्तै, नुवाकोटको बिदुर नगरपालिका-२ मा भित्रि सडक खण्डमा दुर्घटना हुँदा एक जनाको मृत्यु भएको छ । भैरबीबाट खानिगाउँतर्फ आफ्नै घर फर्किने क्रममा प्र ३ ०२ ००७ प ९७३३ नम्बरको स्कुटर आफैं अनियन्त्रित भई दुर्घटना हुँदा चालक लिखु गाउँपालिका-१, खानीगाउँका ३५ वर्षीय इन्द्रबहादुर थापा मगर गम्भीर घाइते भएका थिए । घाइतेलाई उपचारका लागि त्रिशुली अस्पताल नुवाकोट पुऱ्याउँदा डाक्टरले मृत्त घोषणा गरेको प्रहरीले उल्लेख गरेको छ ।

## प्रभु बैंक लिमिटेड, शाखा कार्यालय हेटौंडा, मकवानपुरका, तपसिलमा उल्लेखित ऋणी तथा जमानतकर्तालाई कर्जा चुक्ता गर्ने तथा धितोमा रहेको सम्पत्ति गोप्य शिलबन्दी बोलपत्र मार्फत लिलाम बिक्री गर्ने बारेको १५ दिने सार्वजनिक सूचना ।

**(सूचना प्रकाशित मिति २०८२/१२/२३ गते सोमबारको समृद्ध समाज राष्ट्रिय दैनिक पत्रिकामा)**

यस बैंकबाट तपसिलमा उल्लेखित ऋणीले लिएको कर्जाको किस्ता (साँवा, ब्याज) भुक्तानी सम्बन्धि शर्त कबुलियत उल्लघंन गर्नु भएको तथा पटक पटक मौखिक एवं लिखित तरताकेता गर्दा समेत सोको पूर्ण बेवास्ता गरी ऋणी तथा जमानतकर्ताले कर्जा नियमित तथा चुक्ता गर्ने तर्फ चासो नदेखाई आलटाल गरी बसेको हुनाले बैंकले कर्जा असुलीका लागि मिति २०८२/०३/०९ गते सोमबारको **समृद्ध समाज** राष्ट्रिय दैनिक पत्रिकामा ऋणी तथा जमनतकर्तालाई कर्जा चुक्ता गर्ने ३५ दिने सार्वजनिक सूचना प्रकाशित गरिएकोमा सो सूचना बमोजिम कर्जा चुक्ता तथा धितो लिलाम बिक्री हुन नसकेकोले कर्जा असुलीका लागि कर्जा सुरक्षणको रुपमा बैंक समक्ष धितो रहेको तपसिलमा उल्लेखित सम्पत्ति जे जस्तो अवस्थामा छ सोही अवस्थामा गोप्य शिलवन्दी बोलपत्रको माध्यमबाट लिलाम बिक्री गरिने भएकोले उक्त सम्पत्ति के कति दर भाउ र मुल्यमा खरिद गरी लिने हो, सो व्यहोरा खुलाई यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिनभित्र गोप्य शिलबन्दी बोलपत्र बैंकको शाखा कार्यालय हेटौंडा, मकवानपुरमामा दाखिल गर्नु हुन ईच्छुक व्यक्ति तथा संगठित संस्था सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । प्राप्त बोलपत्रहरु यो सूचना प्रकाशित भएको मितिले १६ औं दिन अर्थात् मिति २०८३/०१/०८ गते मंलगबार (सो दिन सार्वजनिक विदा परेमा सोको लगत्तै बैंक खुलेको दिन) बैंकको **शाखा कार्यालय हेटौंडा, मकवानपुरमा** दिनको ठीक ३:०० (तिन) बजे खोलिने भएकोले उक्त दिन उपस्थित हुन सम्बन्धित ऋणी, सुरक्षणधनी, ईच्छुक बोलपत्रदाता तथा सम्बद्ध सबैमा अनुरोध छ । प्राप्त बोलपत्रहरु बैंकले बिना कुनै कारण दर्शाई स्वीकार वा अस्वीकार गर्न सक्ने व्यहोरा समेत जानकारी गराईन्छ । पुनश्चः यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिन भित्र उक्त बांकी सम्पूर्ण कर्जाको साँवा, ब्याज तथा हर्जाना लगायतका अन्य दै दस्तुर समेत तिरी बुझाई कर्जा चुक्ता फछ्र्यौट गर्न गराउनको लागि सम्वन्धित ऋणी, धितो सुरक्षण धनी तथा जमानतकर्ता समेतलाई यसै सूचनाद्धारा जानकारी गराईन्छ । उक्त म्याद भित्र समेत कर्जा चुक्ता नभएमा ऋणी तथा जमानतकर्ता लगायत नेपाल राष्ट्र बैंकको निर्देशन बमोजिम कर्जा सूचना केन्द्रको कालोसूचीमा समाविष्ट गर्नुपर्ने सम्वद्ध सबैलाई नेपाल राष्ट्र बैंकको निर्देशिका बमोजिम कर्जा सूचना केन्द्रको कालोसूचीमा समावेश गराउन सकिने व्यहोरा जानकारी गराउँदै कर्जाको सूरक्षणको रुपमा बैंक समक्ष धितो रहेको तपसिलमा उल्लिखित अचल जायजेथा जे जस्तो अवस्थामा छ, सोही अवस्थामा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ तथा अन्य प्रचलित कानूनले दिएको अधिकार प्रयोग गरी प्रस्तुत सूचनाको म्याद भित्र प्राप्त हुन आएका गोप्य शिलवन्दी वोलपत्रको माध्यमबाट लिलाम बिक्री गरिने र कुनै कारणवश तपसिलमा उल्लेखित जायजेथा लिलाम बिक्री नभएमा सो जायजेथा अन्य व्यवस्था गरी बेच बिखन गर्न सक्ने वा नियमानुसार बैंकले आफ्नो नाममा सकार गरी लिन सक्ने तथा उक्त जायजेथाबाट बैंकको सम्पूर्ण बक्यौता असूल उपर नभएमा प्रचलित कानून बमोजिम असुल उपर गरी लिइने व्यहोरा समेत जानकारी गराइन्छ ।

**तपसिल**

| क. ऋणी तथा जमानतकर्ताको विवरण : | |
|---|---|
| **१. ऋणी :** नेपाल सरकार, उद्योग मन्त्रालय, घरेलु तथा साना उद्योग विभाग, घरेलु तथा साना उद्योग कार्यालय, हेटौंडा, मकवानपुरमा प्राइभेट फर्म रजिष्ट्रेशन ऐन, २०१४ बमोजिम मिति २०७२/०४/१२ मा दर्ता भई प्रा.फ.र.नं. ५३४२/३१/२०७२/२०७३ कायम भई नेपाल सरकार, अर्थ मन्त्रालय आन्तरिक राजश्व विभाग, आन्तरिक राजश्व कार्यालय, हेटौंडाबाट मिति २०६९/१२/०१ मा करदाताको नाम कृष्ण वहादुर अधिकारी कारोवारको नाम अधिकारी पोल्ट्री सप्लायर्स भई स्थायी लेखा नम्बर (पान) दर्ता प्रमाणपत्र नं. ६००६२०२५३ को प्रमाणपत्र प्राप्त **अधिकारी पोल्ट्री सप्लायर्स** । **फर्मको रजिष्टर्ड ठेगाना :** मकवानपुर जिल्ला हेटौंडा उ.म.न.पा. वडा नं. २२, ठुलो गंगटे । | |
| **प्रोपाइटर तथा जमानतकर्ता : कृष्ण वहादुर अधिकारी** (ना.प्र.नं. ९/१३०८, जारी मिति २०५८/०८/२६, जिल्ला प्रशासन कार्यालय मकवानपुर) । ठेगाना : मकवानपुर जिल्ला हेटौंडा उ.म.न.पा. वडा नं. १७ (साविक हटिया गा.वि.स. वडा नं ३) । बाबु : श्याम वहादुर अधिकारी । बाज : जय बहादुर अधिकारी । | **जमानतकर्ता : जानुका अधिकारी** (ना.प्र.नं. ३१-०१-७०-०५३७७, जारी मिति २०७०/०५/०६, जिल्ला प्रशासन कार्यालय मकवानपुर । ठेगाना : मकवानपुर जिल्ला हेटौंडा उ.म.न.पा. वडा नं. १७ (साविक हटिया गा.वि.स. वडा नं. ३) । बाबु : धन वहादुर राउत क्षेत्री । पति : कृष्ण वहादुर अधिकारी । ससुरा : श्याम वहादुर अधिकारी । |
| **धितो लिलाम बिक्री हुने सम्पत्तिको विवरण :** **१. कृष्ण वहादुर अधिकारी**को नाममा मालपोत कार्यालय मकवानपुरमा दर्ता कायम रहेको मकवानपुर जिल्ला हटीया न.पा./गा.वि.स. वडा नं. ०६, नक्सा सिट नं. ०६ कि.नं. ३२२४, ३२२५ तथा २८१२ क्षेत्रफल क्रमशः ०-१-१४.५-०, ०-०-२-० तथा ०-२-३.५-० (विगाहा) जग्गा तथा उक्त जग्गाले चर्चेको सम्पूर्ण लिगलगपत समेत ......१ **२. ऋणी फर्मको** को स्वमित्वमा रहेको चालु सम्पत्तिहरु उपर हाइपोथिकेसन सुरक्षण. ....१ **नोट :** धितो वापत यस बैंकको नाममा रहेको निम्नानुसारको सवारी साधन यस बैंकलाई वुझाउनु हुन समेत ऋणी तथा जमानतकर्ताहरुलाई यसै सूचनाद्वारा जानकारी गराईन्छ । **सवारी साधनको विवरण :** १. धनी प्रभु बैंक लि. (साविक सेञ्चुरी कमर्सियल बैंक लि.) ऋणी **अधिकारी पोल्ट्री सप्लायर्स** भई नेपाल सरकार, भौतिक पुर्वाधार विकास मन्त्रालय, यातायात व्यवस्था सेवा कार्यालय, साना ठुला सवारी हेटौंडा, बागमती प्रदेश, ललितपुर, नेपालमा दर्ता भएको, ईन्जिन नं. F8BIN5145048 र च्यासिस नं. MA3EVB11S01915870 बनाउने कम्पनी Maruti Suzuki कम्पनीको सवारी नं. बा. २१ च ९६०३ को निजी कार्गो भ्यान .....१ २. धनी प्रभु बैंक लि. (साविक सेञ्चुरी कमर्सियल बैंक लि.) ऋणी **अधिकारी पोल्ट्री सप्लायर्स** भई प्रदेश सरकार, भौतिक पुर्वाधार विकास मन्त्रालय, यातायात व्यवस्था सेवा कार्यालय, हेटौंडा, बागमती प्रदेश, मकवानपुरमा दर्ता भएको, ईन्जिन नं. TBK1L92283 र च्यासिस नं. MA1ZN2TBKK1L87146 बनाउने कम्पनी Mahindra कम्पनीको सवारी नं बा. प्र. ०३ ००१ च ०४११ को निजी पिकअप भ्यान...१ | |
| **२. ऋणी : जानुका दंगाल** (ना.प्र.नं. २८/३८५, जारी मिति २०५६/०४/०३, जिल्ला प्रशासन कार्यालय मकवानपुर)) । ठेगाना : मकवानपुर जिल्ला, हेटौंडा उपमहानगरपालिका वडा नं: ९ । बाबु : होमनाथ घिमिरे । पति/ससुरा : धनन्जय दंगाल/ईल कुमार दंगाल । | **जमानतकर्ता : धनन्जय दंगाल** (ना.प्र.नं. ४३७, जारी मिति २०३९/१२/२२, जिल्ला प्रशासन कार्यालय मकवानपुर) । ठेगाना : मकवानपुर जिल्ला हेटौंडा उप म.न.पा. वडा नं. : ९ (साविक पदमपोखरी गा.वि.स. वडा नं १) । बाबु : ईल कुमार दंगाल । बाजे : खडा दत्त दंगाल । |
| **जमानतकर्ता : सरिता दंगाल** (ना.प्र.न ३१-०१-७२-१०६७३, जारी मिति २०७२/१२/२९, जिल्ला प्रशासन कार्यालय मकवानपुर । ठेगाना : मकवानपुर जिल्ला हेटौंडा उपमहानगरपालिका वडा नं. ९ । बाबु : धनन्जय दंगाल । बाजे : ईल कुमार दंगाल । | **जमानतकर्ता : युवराज दंगाल** (ना.प्र.न ३१-०१-६९-०१९०१, जारी मिति २०६९/०२/२५, जिल्ला प्रशासन कार्यालय मकवानपुर । ठेगाना : मकवानपुर जिल्ला हेटौंडा उप म.न.पा. वडा नं. ९ । बाबु : धनन्जय दंगाल । बाजे : ईल कुमार दंगाल । |
| **धितो सम्पत्तिको विवरण :** ऋणी **जानुका दंगाल**को नाममा मालपोत कार्यालय मकवानपुरमा दर्ता कायम रहेको मकवानपुर जिल्ला हेटौडा न.पा. वडा नं. ९, नक्सा सिट नं. ९ कित्ता नं. क्रमसः १०३७८, ४७१६, ४७१७ तथा ३८७६ क्षेत्रफल क्रमशः ०-०-२-०, ०-०-७.५-०, ०-०-७.५-० तथा ०-०-१.५-० (बिघा)को घर/जग्गा तथा उक्त घर/जग्गाले चर्चेको सम्पूर्ण लिगलगापत समेत ...१ | |

**पुनश्च :**

१. बोलपत्र सम्बन्धी शर्तबन्देज सहितको बोलपत्र फारम **बैंकको प्रधान कार्यालय बबरमहल, काठमाण्डौ स्थित कर्जा असुली विभाग र शाखा कार्यालय हेटौंडा, मकवानपुरबाट** समेत प्राप्त गर्न सकिनेछ ।
२. सम्पत्ति दाखेल खारेज नामसारी गर्दा नेपाल सरकारले तोके बमोजिम लाग्ने राजश्व लगायतका सम्पूर्ण दैदस्तुर सकारकर्ता स्वयंले तिर्नुपर्नेछ ।
३. लिलाम हुने सम्पत्ति निरीक्षण अवलोकन गर्नु परेमा वा धितो लिलाम सम्बन्धी अन्य थप जानकारी आवश्यक भएमा **बैंकको प्रधान कार्यालय, बबरमहल, काठमाण्डौ स्थित कर्जा असुली विभागमा** सम्पर्क राख्न सकिनेछ ।

prabhu Bank
**प्रभु बैंक लिमिटेड**
प्रधान कार्यालय, बबरमहल, काठमाडौं, नेपाल
फोन नं. : ०१-५७१९०००

समृद्धि प्रकाशन प्रा.लि. द्वारा प्रकाशित, ठेगाना: हेटौंडा-४, अजरअमररोड, ०५७-५२६८३०, Email:sambridhasamaj@gmail.com, website:www.samriddhasamaj.com, प्रबन्ध निर्देशक: रोजिना श्रेष्ठ, सम्पादक: सुरेश श्रेष्ठ